जिल्ला समन्वय समितिहरुको क्षमता विकासका लागि

# नीतिबहस कार्यशाला

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) र

जिल्ला समन्वय समिति महासंघ नेपालको सहकार्य

२०८० जेष्ठ २९ र ३० गते

# कार्यसम्पन्न प्रतिवेदन




**प्रतिवेदक**

जिल्ला समन्वय समिति महासंघ नेपाल, केन्द्रीय सचिवालय
जिल्ला समन्वय समिति काठमाण्डौ भवन, बबरमहल

२०८० आषाढ

# नीतिवहस कार्यशाला गोष्ठीको कार्यसूची

## पहिलो दिन (२०८० जेष्ठ २९ गते)

| समय | कार्यक्रम |
|---|---|
| विहान ८:०० - १०:०० | ब्रेकफाष्ट तथा रजिष्ट्रेशन |
| १०:०० - ११:०० | उद्घाटन सत्र<br>● अध्यक्षता ग्रहण, प्रमुखअतिथि, अतिथिहरु<br>● पानसमादियो, राष्ट्रिय गान<br>● कार्यक्रमको उद्देश्य सहित स्वागतमन्तव्य<br>● परिचयात्मककार्यक्रम (नाम, ठेगाना, पद, कार्यालय)<br>● अतिथि/प्रमुखअतिथिको शुभकामनामन्तव्य |
| **पहिलो सत्र** | |
| ११:०० - १२:३० | जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारको सम्बन्धमाबनेका संघ र प्रदेशका ऐन, कानून र जिल्ला सभामाबनाइएकानियम सम्बन्धी । (संघीय मामिलातथा सामान्य प्रशासनमन्त्रालय, कानूनन्यायतथा संसदिय मामिला मन्त्रालय, ) |
| १२:३० - १:३० | दिवाभोज |
| १:३० देखि ३:०० | जिल्ला समन्वय समितिको समन्वयतथाअनुगमन सम्बन्धी मस्यौदा मार्गदर्शनको प्रस्तुती (माननीय रमेश लेखक, परशुरा नेगीगुरुङ्ग, कृष्ण प्रसाद सापकोटा) |
| ३:०० - ३:१५ | चिया ब्रेक |
| ३:१५ - ४:०० | दिगो विकास लक्ष्यहासिलकालागिजि.स.स.हरुको संलग्नतातथा सूचकहरुको स्थानीयकरण तथा स्थानीयतहको स्वैच्छिक कार्य सम्पादनप्रतिवेदन(VLR)तथा राष्ट्रिय स्वैच्छिक प्रतिवेदन(VNR)प्रतिवेदनमा पृष्टपोषणबारे प्रस्तुती- NPC |
| ४:०० - ५:०० | समुह कार्य र प्रस्तुतीप्रदेश समितिको तर्फबाट प्रस्तुती (संघीयता कार्यान्वयनमाजि.स.स.हरुको भूमिका (SWOT Tools (सवलपक्ष, सुधार्नुपर्ने पक्ष, अवसर र चुनौती) अनुसार विश्लेषण) |
| ५:०० - ५:४० | विपदव्यवस्थापनका सन्दर्भमातत्कालिनराहतउद्दार कार्य बाहेक पुनर्स्थापन तथाविकास सम्बन्धीकार्यकालागिजिल्ला समन्वय समितिहरुलाई क्रियाशिलबनाउने सम्बन्धमा गृह मन्त्रालयको प्रस्तुती |
| ५:४० | समापन |

## दोस्रो दिन :

| | |
|---|---|
| ८:००-९:०० | ब्रेकफाष्ट |
| ९:००-११:०० | स्रोतव्यक्तिहरुसंगको अन्तरक्रिया (विपदजोखिमन्यूनिकरण, जलवायु परिवर्तनका असरहरु न्यूनिकरण, शिक्षातथा विज्ञानप्रविधि र कानूनीव्यवस्था सम्बन्धमा) |
| ११:०० - १२:०० | निचोडको संक्षेपिकरण र समापन । |
| १२:०० - १:३० | **दिवाखाना र विदाई** |

पृष्टभूमि,

गतबर्ष २०७९ को बैशाखबाट जेष्ठ अन्त्यसम्म पुग्दा नेपालमा स्थानीयतहका लागि निर्वाचन सम्पन्न भएको र यसले ४६० गाउँपालिका, २९३ नगरपालिका तथा ७७ जिल्ला समन्वय समितिको लागि आवश्यक जनप्रतिनिधिको चयन सार्वभौम सत्ता आफूमा निहित भएका जनता र उनीहरुले चुनेका जनप्रतिनिधिले गरेका हुन (संविधानको धारा ५७ राज्यशक्तिको बाँडफाँडका उपदफामा उल्लेखित) ।

जिल्ला समन्वय समितिहरु संविधानको ब्यवस्था अनुसार स्थानीयतह हो (धारा ५६ को राज्य संरचना उपधारा (४) यसको ब्यवस्था संविधानको धारा २२० मा हुनुको साथै यसको काम, कर्तब्य र अधिकारबारे यसै धारा २२० को उपधारा ७ मा उल्लेख छ । जस अनुसार

क) जिल्ला भित्रका गाऊँपालिका र नगरपालिका विच समन्वय गर्ने ।

ख) विकास तथा निमार्ण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने ।

ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाऊँपालिका र नगरपालिका विच समन्वय गर्ने ।

घ) प्रदेश कानून बमोजिम अन्य कार्यहरु गर्ने ।

जिल्ला समन्वय समितिले स्थानीयतह भएपनि स्थानीय सरकार सरह आफूलाई आवश्यक नीति विधि र कानून निमार्ण गर्न नपाउने र यसको कार्यसंचालन श्रोत तथा जनशक्तिको प्रवन्ध संघ सरकारले गरेको अवस्था छ भने प्रदेश तहमा जिल्ला समन्वय समितिहरुको सम्बन्धमा कानून बनाएर थप कामको जिम्मेवारी तोक्ने अधिकार प्रदेश सरकारलाई दिईएकोले जिल्ला सभा र जिल्ला समन्वय समितिको काम, कर्तब्य र अधिकारबारे संघीय कानून र प्रदेश कानूनले प्रष्टयाउनु पर्ने छ । जिल्ला सभाले आफ्नालागि आवश्यक नियम बनाउन सक्ने प्रावधान राखेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ देखि दफा ९६ सम्म जिल्ला सभा, जिल्ला समन्वय समितिको गठन तथा काम, कर्तब्यबारे उल्लेख छ । साथै आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा दफा ७८ मा ब्यवस्था छ । नियमावली नबनेका कारण कार्यान्वयमा समस्या परेको अवस्था छ ।

**कार्यक्रमको उद्देश्यः**

संघीयता सहितको राज्य संरचना र राज्यशक्तिको बाँडफाँड सहित जारी संविधान अनुसार संघ, प्रदेश र स्थानीयतह गरी तीनतहमा निर्वाचन हुने, पदावधि ५ बर्ष हुने प्रावधान रहेको र निर्वाचित जनप्रतिनिधिले नेतृत्व गर्ने ब्यवस्था अनुसार २०७९ बैषाख २४ गते गाऊँपालिका तथा नगरपालिकाको निर्वाचन सम्पन्न भएको र असार सम्ममा ७७ बटै जिल्लामा जिल्ला सभाले जिल्ला समन्वय समितिको निर्वाचन गरेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नव निर्वाचितका लागि विभिन्न चरणमा नेपालमा संघीयता र तीनतहको सरकार तथा राज्यका निर्देशक सिद्धान्त तथा तीनैतहमा राज्यशक्तिको बाँडफाँड लगायतका तहगत काम, कर्तब्य र अधिकारबारे अभिमुखीकरण गरेको हो । नवनिर्वाचित जिल्ला समन्वय समितिका प्रमुखहरुका लागि गत बर्ष २०७९ आषाढको २१ र २२ गते अभिमुखीकरण गरेको थियो ।

मन्त्रालयले प्रदेश तथा स्थानीयतहको संस्थागत तथा निर्वाचित जनप्रतिनिधि र संलग्न कर्मचारीलाई क्षमता विकास गरी तीनैतहको सहकार्य, समन्वयमा संघीयता कार्यान्वियन गर्न सहज वातावरण निर्माण गर्ने प्रयोजनका लागि प्रदेश

तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) संचालनमा ल्याएको छ । यसै कार्यक्रमको सहयोगमा यस पटक जिल्ला समन्वय समिति महासंघ नेपालसंगको सहकार्यमा यो नीतिवहस कार्यशाला आयोजना गरिएको छ ।

**यस कार्यशालामा ः**

- जिल्ला समन्वय समितिहरुले संघ, प्रदेश र स्थानीयतह संग समन्वय गरी जिल्लाको सन्तुलित विकास गराउन सहजिकरण गर्ने ।
- संघ र प्रदेशका जिल्लास्थित निकाय, कार्यक्रमको अनुगमन तथा प्रतिवेदन गर्ने जिम्मेवारी बहन गर्न आवश्यक क्षमता विकासका आयामको पहिचान गर्ने,
- जिल्ला भित्रका गाउँ तथा नगरपालिकाहरु र संघ, प्रदेशको समन्वयका संभावना र अवसरबारे जानकारी लिने र समन्वय अभिबृद्धि गर्ने,
- अन्तर सरकार समन्वयका अन्य संयन्त्र संगको समन्वय र सहकार्यका अवसर पहिचान तथा परिचालनको नीतिबारे निचोड निकाल्ने तथा
- स्थानीयतहका कार्यसम्पादन स्वमूल्यांकन, वित्तिय जोखिम न्युनिकरण, स्थानीय आर्थिक विकासका गतिविधि, रोजगारी प्रबर्द्धनमा समन्वयका साथै संचालित गतिविधिको प्रभावकारी अनुगमन तथा प्रतिवेदन गर्ने वियषमा निती निमार्णको खाका तयार गरिने छ ।

**अपेक्षित उपलब्धी ः**

माथि उल्लेखित उद्देश्य हासिलका लागि सहभागी जिल्ला समन्वय समिति र महासंघ नेपालका पदाधिकारीहरुको सक्रिय सहभागिता तथा संघ सरकारका विभिन्न मन्त्रालय, विभाग, आयोगबाट गराई स्थानीयतहमा जानसक्ने सेवा र जिल्ला समन्वय समितिसंग गरिएका अपेक्षा समेतलाई दृष्टिगत गर्दा निम्न उपलब्धी हासिल हुनेछ ।

जिल्ला समन्वय समितिहरु आफ्नो संबैधानिक काम, कर्तव्य र अधिकारको कार्यान्वयमा संघीय सरकारसंको सहकार्यका आयाम र अवसरबारे अवगत हुने तथा समन्वयको प्रक्रियाबारे अवगत हुनेछन् र जिल्ला भित्रका स्थानीयतह संगको समन्वय सहकार्य प्रभावकारी हुने छ ।

जिल्ला समन्वय समितिहरु र संघीय निकायहरुलाई एक आपसमा सहकार्य, सहजिकरण र समन्वयका क्षेत्रबारे जानकारी हुनुका साथै स्थानीय अवस्था, आवश्यकता र संभावनाबारे मिहिन रुपमा सूचना तथा तथ्यांक सहितको कार्य गर्ने वातावरण तयार हुनेछ ।

जिल्ला समन्वय समितिहरुले अनुगमन कहाँ, कहिले, कसरी गर्ने र त्यसको प्रतिवेदन कहाँ गर्ने र त्यसको पुर्नरावलोकन विधि पद्धतिका पक्षबारे प्रष्ट हुने भएकोले संघ सरकारलाई स्थानीयतहमा आफ्नो निकायबाट प्रक्षेपित कार्य सम्पादनका बिषयमा जानकारी तथा सर्म्पक विन्दु जिल्ला समन्वय समिति हो भन्ने प्रष्ट हुनेछ ।

जिल्ला समन्वय समिति तीनतहको सरकार भित्रको समन्वय, अनुगमन र जिल्लाको सन्तुलित विकासका लागि स्थानीय तह र संघ तथा प्रदेश विच सहयोग, सहकार्यको पहल गर्ने, सम्पर्क गर्ने संयन्त्र हो भन्नेमा सहभागी सबैलाई प्रष्ट भई कार्यान्वियनको प्रभावकारी नीति निमार्ण हुनेछ ।

कार्यशालाले जिल्ला समन्वय समितिहरु मार्फत नयाँ सहयोग, सहजीकरण तथा सहकार्यका आयामहरु पहिल्याउन संघीय सरकारका निकाय तथा आयोगहरुलाई विश्वसनीयता बढाउन सहज हुनेछ ।

# दुईदिने नीतिबहस कार्यशालाका गतिविधि




पहिलो दिन २०८०।०२।२९ गते

## उद्घाटन सत्र

पहिलो दिन विहानको चिया खाजा (Breakfast) ०८:०० बजेबाट ०९:१५ सम्म रहयो । माननीय मन्त्रीज्यूको आगमन पश्चात कार्यक्रमको औपचारिक सुभारम्भ गरियो । जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष श्री राजन मेहताज्यूको अध्यक्षतामा प्रमुख अतिथि माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदी, विशिष्ट अतिथि माननीय श्री बालानन्द पौडेल, अध्यक्ष प्राकृतिक श्रोत तथा वित्त आयोग, माननीय रमेश लेखक प्रतिनिधि सभा, पूर्व माननीय एवं राष्ट्रिय सभा सदस्य श्री परशुराम मेघी गुरुङ्, श्री खिमलाल देवकोटा तथा पूर्व माननीय तथा संविधान सभा सदस्य एवं जिल्ला विकास समिति महासंघका अध्यक्ष श्री कृष्ण प्रसाद सापकोटा लगायत अन्य अतिथि, महासंघका कार्यसम्पादन समिति तथा प्रदेश महासंघका अध्यक्ष, उपाध्यक्ष, सचिव लगायत प्रधानमन्त्रीको कार्यालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधिज्यूहरुलाई आसन ग्रहण गराईएको थियो ।



राष्ट्रियगान गाएर प्रमुख अतिथि, विशिष्ट अतिथि तथा अतिथिहरुलाई फूलमाला खादाले स्वागत गएिको थियो । कार्यक्रमस्थल रहेको काभ्रेपलाञ्चोक जिल्लाका जिल्ला समन्वय समिति प्रमुख एवं महासंघका उपमहासचिव श्री दिपक कुमार गौतमले स्वागत मन्तब्य राख्नुभएको थियो । उक्त सत्र जिल्ला समन्वय समिति महासंघ नेपालका महासचिव अशोक कुमार घिमिरेले संचालन गर्नु भएको थियो ।

उहाँले जिल्ला समन्वय समितिलाई स्थानीय सरकार बलियो पार्ने भूमिका खेल्न सक्ने बनाउन संस्थागत, संरचनागत तथा पदाधिकारीको क्षमता विकासका आवश्यकताबारे सातै प्रदेश समितिका अध्यक्ष, उपाध्यक्ष र



सचिवले स्थानीयस्तरको अवस्था, जिल्ला समन्वय समितिको भूमिका र चुनौतीबारे नीतिगत रुपमा के प्रबन्ध आवश्यक छ भन्ने लगायत संघीय सरकारका मन्त्रालय, आयोगले जिल्ला समन्वय समितिलाई विषयक्षेत्र अनुसार परिचालित हुन अवसर, सम्भावना उर्जागर गर्ने लगायतका बिषय र राष्ट्रिय सरोकारका मुद्दाहरु जलवायु परिवर्तन र त्यसका असरको न्यूनिकरणका प्रयास, दीगो विकास सम्बन्धी लक्ष्य र सूचकबारे स्थानीयकरण र आवधिक स्वेच्छिक स्थानीय तथा राष्ट्रिय प्रतिवेदन लैगिंक समानता र सामाजिक समावेशीकरण तथा विपद जोखिम र न्यूनिकरणका सम्बन्धमा जिल्ला समन्वय समितिहरु कसरी क्रियाशिल हुन सक्छन् । त्यसका लागि आवश्यक समन्वय, सहजिकरण तथा अनुगमनको प्रभावकारीतालाई समेटेर नीति, विधि बनाउन पहल गर्ने र जिल्ला समन्वय समितिको सर्म्पक मन्त्रालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग सहकार्यबाट आवश्यक ऐन, निमार्ण तथा कार्यविधि बनाउन मस्यौदा उपलब्ध गराउने प्रयोजनका लागि यो कार्यशाला आयोजना भएको बारे प्रष्ट पारिएको थियो ।



कार्यक्रममा कार्यक्रमस्थल रहेको काभ्रे जिल्ला समन्वय समिति प्रमुख दिपक कुमार गौतमले आफुले पद भार ग्रहण गरेको २० दिनमै सबै जि.स.स. प्रमुखहरु र संघीय मामिला मन्त्रालयसंग साक्षातकारको अवसर जुटाई दिएकोमा मन्त्रालय र जिल्ला समन्वय समिति महासंघ नेपाललाई हार्दिक धन्यबाद ज्ञापन गर्दै आफुले २० वर्ष विद्यार्थी आन्दोलनमा लागेर सरकारलाई प्रश्न सोध्ने स्तरबाट अहिले आफु जवाफदिने दायित्वमा पुगेको अवस्थामा कसरी क्रियाशिल हुने भन्ने हुटहुटी भएको छ भन्दै राजनीति बुझ्ने कुरा रहेछ, गर्ने हैन जस्तो लाग्छ । जनताको लागि कसरी सेवा दिने भन्ने विषयमा ७७ जिल्ला प्रमुखहरुलाई आगामी पाँच वर्षका लागि जिल्ला विकासको मास्टर प्लान बनाएर काम सुरु गरौं भन्दै आफु कार्यालयमा १० बजे देखि २:०० बजे सम्म बस्ने र २ बजे देखि जनताको कामको लागि संघीय मन्त्रालयमा खट्ने योजना बनाएको सुनाउनु हुँदै धुलिखेल पर्यटकीय नगरीमा उपस्थित सबैलाई हार्दिक स्वागत गर्नुभयो ।



कार्यक्रममा निवर्तमान अध्यक्ष श्री नवराज गेलालले आफ्नो कार्यकालमा जिल्ला समन्वय समितिहरुलाई चिनाउन र यसको भूमिका र महत्व बुझाउने प्रयास भएका बारे स्मरण गर्दै संविधानमा भएको संस्थालाई अझै प्रभावकारी बनाउन नसकिएको भन्नु हुँदै विकासमा सन्तुलन भन्नाले जिल्ला तहमा के गर्ने ? स्थानीय तहमा केगर्ने ? अनुगमनका तहगत सूचक के के हुने जस्ता नीतिगत प्रबन्ध अहिले सम्म भएका छैनन् जुन आवश्यक छन् भन्दै पाएका अधिकारको प्रयोग र थप अधिकारका लागि प्रयास गर्नु पर्ने धारणा राख्नु भएको थियो ।



शुभकामना मन्तब्यका क्रममा तत्कालिन जिल्ला विकास समिति महासंघका अध्यक्ष एवं संविधान सभा सदस्य श्री कृष्ण प्रसाद सापकोटाले नेपालमा शासकीय स्वरुप सहितको ब्यवस्था फेरियो तर सोच फेरिएन भन्दै उतीवेला देखिनै स्थानीयतहमा सेवा प्रवाह एकिकृत संगठित संयन्त्रका रुपमा हुनुपर्ने गरि जिल्ला विकास समितिमा रहने प्रबन्ध गर्न खोजिएको थियो । बिषयगत सेवा प्रदायक सरकारी निकाय Line agencies हरु स्वतन्त्र भएर चल्न सक्दैनन् तिनीहरु जिल्ला समन्वय समिति मार्फत ल्याउनु पर्छ भन्दै उहाँले वस्तु र सेवा स्थानीय तहमा र संघ र प्रदेशका काममा अनुगमन गर्ने जिल्ला समन्वय समिति हो । तर यसलाई श्रोत साधन, प्रविधि नदिएपछि संघीयता कमजोर हुन्छ । अहिलेको संघ र प्रदेशको कार्यशैली हेर्दा संघीयता कमजोर बनाउने तर्फ उन्मुख भएको देखिन्छ । हामी आफै कमजोर पार्दैछौं । कमसेकम २०/३० बर्ष जिल्ला समन्वय समितिलाई अनुगमन र समन्वयका लागि प्रभावकारी बनाउनु पर्छ । चालु पन्ध्रौ योजनामा जिल्ला समन्वय समिति संचालन ऐन ल्याउने भनेको छ । संन्तुलित विकासका लागि जिल्ला भित्र र बाहिर र राष्ट्रियस्तरमा नीति निर्देश हुनुपर्ने बिचार राख्नुभयो ।



प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष माननीय श्री वालानन्द पौडेलले यो कार्यक्रम र उद्देश्य पवित्र र बिषयगत छ । जिल्ला समन्वय समितिको समन्वय विचमा छ । शासकीय ईकाई तीनवटा छन् तर भूगोल र जनसंख्या खप्टिएको छ अर्थात शासक तीनतहकाले काम गर्ने एकै ठांऊमा भएकोले संविधानका सिद्धान्त सहकारीता, समन्वय र सह अस्तित्वलाई कायम गर्न जिल्ला समन्वय समिति आवश्यक भएको हो उहाँले प्रष्टयाउनु भएको थियो । उहाँले, संघ र प्रदेशको delivery unit हरु जिल्लामा रहेकाले भएका कानून र संविधान अनुसार यो बिषय delivery कसरी हुन्छ त्यसका लागि खाका बन्नुपर्छ भन्दै जिल्ला समन्वय समितिहरुमा काम प्रति चासो र हुटहुटी हुँदापनि जनशक्ति र श्रोत अभाव पार्दा समस्या परेको हो । यस कार्यशालाले एउटा कार्ययोजना बनाओस् । जिल्ला सभालाई बित्त आयोगले Royalty बाँड्न सकेन । किनकी जिल्ला सभाले ऐन कानून बनाउन नपाउने भएकाले संघ र प्रदेश सरकारले कानून बनाई आवश्यक श्रोत साधन दिनु पर्छ भन्दै उहाँले संघ प्रदेशका कामको अनुगमन र मूल्यांकन हुनुपर्छ । राम्रो कार्ययोजना बनोस् ।



उद्धाटनसत्रका प्रमुख अतिथि माननीय मन्त्री श्री अमनलाल मोदीले कार्यशालामा राम्रो छलफल, बहस भएर कसरी श्रोत सहित कार्यक्रम पाईन्छ र प्रभावकारी कार्यान्वयन हुन्छ त्यो तय हुनु जरुरी छ भन्दै उहाँले संविधान मस्यौदाकार भएर काम गर्दाको अनुभव सुनाउँदै उहाँले माओवादी जिल्ला नचाहने, जिल्ला अदालत नराख्ने पक्षमा थियो तर अरुपक्षले राख्नुपर्छ भनेर संबिधानमा जिल्ला समन्वय समिति रहेका हुन भन्दै उहाँले अव यी संस्थालाई संबिधानत अधिकार सहितको काम दिनुपर्छ भन्दै जिल्ला समन्वय समितिलाई आफ्नो मन्त्रालयले समन्वय गर्न सक्ने तर संविधान संशोधन र ऐन बनाउन आफूले नसक्ने प्रष्ट पार्नुभयो । उहाँले विकासको अहिलेको अन्तर (developmental gapping) लाई घटाउन जिल्ला समन्वय समितिहरुलाई परिचालन गर्नु पर्नेमा तय हुन सकेको छैन । राजनितिक दलहरु संग पहुंच बढाएर संसदमा दलिय प्रतिनिधित्व गर्ने संसद सम्म यो बिषय उठाएर कार्य गरौ मन्त्रीले समन्वय गरिदिने हो म यसमा साथै छु । सहयोगी भूमिका रहन्छ उहाँले भन्नुभयो । अन्त्यमा मन्त्रीले जनप्रतिनिधिको भावना बुझेको छु । कानून सम्मत काम गर्ने प्रबन्धमा सबैजना जुटौं । समन्वय र अनुगमनका लागि मार्गदर्शन बनाउन जुट्नु भएका पूर्व सासद, माननीयहरु प्रबुद्धवर्गबाट यो कार्य अझ प्रभावकारी बनोस् । PLGSP कार्यक्रमको नेतृत्व आफैले गरेकोले आवश्यक सहयोग र सहकार्य हुन्छ भन्दै शुभकामना ब्यक्त गर्नु भएको थियो ।



सभाध्यक्ष एवं महासंघ अध्यक्ष श्री राजन मेहताले उद्धाटन समारोहको समापन गर्दै महासंघको निम्तोलाई मानेर उपस्थिती हुनुभएका सबै आदरणिय ब्यक्तित्वहरु प्रति आभार प्रकट गर्नु भयो । उहाँले यो कार्यशालाले जिल्ला समन्वय समितिहरु कसरी संचालित हुने, कुन कार्यदिशा लिने भन्ने तय गर्ने छ भन्दै समय प्रसंगले राजनितिक पक्ष विपक्ष हुन्छ तर जिल्ला समन्वय समिति रहने नरहने भन्दापनि हुदाँ हामी के गर्ने कसरी राम्रो गर्ने त्यसमा लागौं । समुन्द्रमा हलचल भएन भने सुनामीको डर हुन्छ भन्दै उहाँले जिल्ला समन्वय समितिलाई क्रियाशिल बनाउँदा राज्यलाई फाईदा पुग्छ, राजनीतिकर्मी र कर्मचारी मिलेर कामगर्नु आवश्यक छ lets work together in a team for the betterment भन्दै उद्धाटन सत्रको समापन गर्नु भएको थियो ।


## कार्यशालाका प्राविधिक सत्र र सहभागिताः



कार्यक्रमको प्रस्तावनाका उद्देश्य, अपेक्षित उपलब्धी र कार्यशालामा उठाउन खोजेका पक्षहरुबारे महासंघका महानिर्देशक श्री कृष्णचन्द्र न्यौपाने विस्तृतमा प्रकाश पार्दै कार्यशालाका सहभागीको परिचय गराईएको थियो । परिचयको क्रममा आमन्त्रित एवं सहभागि, आयोजक सबैले आफ्नो नाम, पद, कार्यक्षेत्र तथा यस कार्यशालामा सहभागिताका सम्बन्धमा बोल्दै एक आपसमा चिनाजानी भएको थियो । यस सत्रको अध्यक्षता गर्न महासंघका कोषाध्यक्ष एवं खोटाङ जिल्ला समन्वय प्रमुख श्री सन बहादुर राईलाई आशन ग्रहण गराईएको थियो ।



त्यस लगत्तै समय माग्नु भएका महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सह सचिव श्री यमलाल भूषालज्यूबाट मन्त्रालयको तर्फबाट जिल्ला समन्वय समितिसंग सहकार्यहुन सक्ने आयामबारे प्रस्तुतिकरण भएको थियो । उहाँले मन्त्रालय स्थापना को ऐतिहासिक पृष्टभूमि एवं परिचय, कार्य जिम्मेवारी, संगठनात्मक व्यवस्था, प्रमुख चुनौतीहरु, अवको आवश्यकता समेटिएको प्रस्तुकिरण गर्दै उहाँले संधीयता पूर्व महिला विकास कार्यालयहरुले सेवा प्रदायक मात्र नभएर महिला अधिकारकर्मीको रुपमा महिला सशक्तिकरणका कार्य गरेको प्रसंग उल्लेख गर्दै अहिले सो कार्य स्थानीयतहको नेतृत्वले गर्न नसक्दा धेरै समस्या बढेको उल्लेख गर्दै समाधानमा जिल्ला समन्वय समितिहरुको समन्वय सहजिकरण आवश्यक रहेको उल्लेख गर्नु भएको थियो । तीन तहका सरकार र तीनीहरुका निकाय स्वायत्त भएपनि issues हरु एकै प्रकृतिको भएकोले तीनैतहमा समन्वय गर्न अधिकारप्राप्त जिल्ला समन्वय समितिको क्रियाशिलता महत्वपूर्ण हुने धारणा सहित प्रस्तुतिको अन्त्य गर्नु भएको थियो । उहाँको प्रस्तुतिको पूर्ण विवरण अनुसूचीमा छ ।



यस प्रस्तुतिमा टिप्पणी गर्दै महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष एवं कास्की जिल्ला समन्वय समिति प्रमुख श्री लिलाधर पौडेलले महिला मन्त्रालयले महिला विकास शाखा मात्र नभएर समग्र समाज कल्याणका कार्यपनि हेरेको अवस्थामा स्थानीयतहमा काम गर्न भनि खोलिएका गैह सरकारी संस्था र तिनिहरुलाई सघाउने अन्तरराष्ट्रिय संस्थाले स्थानीयतहमा समेत समन्वय नगरेको अवस्था छ भन्दै विगतमा जिल्ला स्तरमा परियोजना सहयोग समिति जिल्ला विकास समितिको संयोजकत्वमा रहने र कार्यक्रम स्वकिृति सहजिकरण तथा अनुगमन समेतको प्रबन्ध थियो अहिले त्यो नहुँदा मनोमानी, श्रोतको दोहोरोपन तथा अन्य प्रभाव समेत खेप्न परेको अवस्थामा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले समाज कल्याण परिषद मार्फत जिल्लाका पालिकामा आउने श्रोतको सम्बन्धमा जिल्ला समन्वय समिति मार्फत जाने पूर्ववत प्रबन्ध मिलाउन माग गर्नुभयो ।



यसमै टिप्पणी गर्दै जिल्ला समन्वय समिति मुस्ताङ्गको प्रमुख एवं महासंघ केन्द्रिय सदस्य माया गुरुङ्गले हिमाली भेगमा विवाहपूर्व मायाप्रेम र बच्चा जन्मने पछि विवाह अर्कोसंग गर्ने धटनाले गर्दा भ्फट्केला छोरा छोरीको हैसियत तथा नागरिकता लगायतका समस्याले गर्दा समाजमा धेरै अप्रिय घटना भएका छन् त्यसतर्फ समन्वय सहकार्य र सामाजिक मेलमिलाप जस्ता जनचेतनामूलक कार्य गर्न र त्यस्ता बालबालिकाको शिक्षा, स्वास्थ्य र संरक्षणको लागि बजेट तथा कार्यक्रम आवश्यक परेकोले मन्त्रालयले आवश्यक कार्यविधि बनाएर जिल्ला समन्वय समितिसंग सहकार्य गर्न र जिल्ला संयन्त्र बनाउन माग गर्नु भएको थियो ।

गाऊँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक श्री राजेन्द्र प्याकुरेलले महिला मन्त्रालयले जिल्लामा पुनः महिला विकास कार्यालय संचालन गर्न खोजेको देखिन्छ, त्यो हो भने जिल्ला समन्वय समिति मातहत रहनु राम्रो भएको टिप्पणी गर्नु भयो ।



गुल्मी जिल्ला समन्वय समिति प्रमुख एवं लुम्बीनी प्रदेश समिति महासंघ अध्यक्ष श्री द्रोण खत्रीले जिल्लामा महिला विकास शाखा मात्र नभएर जिल्लाको समाजिक समितिलाई क्रियाशिल बनाई समिति मार्फत महिला विकास तथा समाज कल्याणका सबै कार्य जिल्ला समन्वय समिति मार्फत संस्थागत गर्ने कार्यविधि महिला मन्त्रालयले जारी गर्न प्रस्ताव गर्नुभयो ।



मुगु जिल्ला समन्वय प्रमुख एवं महासंघ कर्णाली प्रदेश समितिका अध्यक्ष श्री मन्जन बहादुर कार्कीले राष्ट्रपति महिला उद्दार कार्यक्रमले हेलिकप्टर उद्दार कार्यबाट आमा तथा नवजात शिशुको संरक्षण गरेपनि हेलिकप्टरको सेवा लिने विद्यमान प्रक्रियाले दुर्गमका महिलाको पहुंच नपुगेर अकालमै ज्यान गएका धेरै धटना भएकाले अवस्थाको जानकारी दिने जिम्वेवार निकाय पछि सो सेवा तत्काल पुग्ने प्रबन्ध मिलाउन कार्यविधि संशोधनको माग गर्दै जिल्ला

समन्वय समितिसंग जिल्ला जनस्वास्थले समन्वय गरि जानकारी गराएको आधारमा कामगर्न सकिने व्यवस्थाको माग गर्नु भयो ।

**दोश्रो प्रस्तुतिः**



जिल्ला समन्वय समिति महासंघ नेपालको लागि नेशनल लेजिस्लेटिभ एकेडेमीले तयार गरेको जिल्ला समन्वय समितिको समन्वय र अनुगमन सम्बन्धी मार्गदर्शन (पूर्व विधायिकी चरणको दस्तावेज)को प्रस्तुतिकरणमा राष्ट्रिय सभाका पूर्वमाननीय श्री परशुराम मेघी गुरुङ्गको समुहले गरेको थियो ।

दस्तावेजका बारेमा श्री परशुराम मेघी गुरुङ्गले बोल्दै प्रत्येक तहमा समन्वय गर्न समन्वय ऐन छ तर प्रयोगमा संघ र प्रदेश सरकारको बुझाई फरक फरक रहेको अवस्था छ । समन्वयको पूर्ण परिभाषा संविधानको भावना तथा ऐनको व्यवस्था र अन्तरराष्ट्रिय कानून र अभ्यास (constitutional spirit, law and international practices) हेरेर मिलाउन आवश्यक छ भन्नुभयो । उहाँले दीगो, समावेशी, सहभागितामूलक र संन्तुलित विकासको अनुगमनको क्षेत्र व्यापक हुने उल्लेख गर्दै समन्वयको सम्बन्धमा उक्त दस्तावेजमा भएका प्रावधानबारे प्रस्तुत गर्न उहाँका समुह सदस्य एवं पूर्व संविधान सभा सदस्य माननीय खिमलाल देवकोटालाई आग्रह गर्नु भयो ।



माननीय खिमलाल देवकोटाः उहाँले दस्तावेज संविधान र विद्यमान ऐनकानून र व्यवस्थालाई अध्ययन गरेर तयार गरेको तर्फ इंगितगर्दै प्राप्त अधिकारमा टेकेर कार्यान्वय गर्दै नपुगेका क्षेत्राधिकार थप्न प्रस्ताव गरौ भन्दै उहाँले समन्वयका लागि दस्तावेजमा बिषयसूची (checklist) र सूचकहरु बनाईएको बताउदै केहि बिषयक्षेत्रको प्रस्तुतीकरण गर्नु भयो । उहाँले सन् २०१५ मा संविधान जारीपछि समन्वय बारे विभिन्न निकाय, प्राध्यापक लगायतले झण्डै १५ वटा अध्ययन गरेका र ती दस्तावेजमा उल्लेख भएका महत्वपूर्ण कुरा यस मस्यौदामा उल्लेख छ भन्नुहुँदै उहाँले पन्ध्रवटा विषयक्षेत्रमा जिल्ला समन्वय समिति परिचालित हुँदा कानून सम्मत हुने र यसका लागि करिव २५ वटा कामका क्षेत्र यस मार्गदर्शनमा समेटिएको उल्लेख गर्नुभयो । उहांले बजेट कार्यान्वयन र विकास सन्तुलनमा के छ त्यो हेर्नुपर्छ भन्दै **टेक्नपाए नाच्न पाईन्छ** भन्ने मान्यतामा जिल्ला समन्वय समितिहरुले नागरिक सन्तुष्टिका लागि काम गर्नु पर्ने बताउनु भयो ।

अनुगमनका सम्बन्धमा दस्तावेजमा के छ भन्ने बिषयको प्रस्तुति पूर्व महासंघ अध्यक्ष एवं सविधान सभा सदस्य माननीय श्री कृष्ण प्रसाद सापकोटाले सिद्धान्त अनुसार कामको अनुगमन कार्यान्वय गर्नेले भन्दा पृथकपक्षबाट हुनुपर्छ भन्दै तेश्रो पक्षवाट अनुगमन (third party monitoring) का असल अभ्यासबारे यस मार्गदर्शनमा ईटाली, क्यानडा, दषिण अफ्रिका आदि देशका उदाहरण समावेस भएको प्रसंग प्रस्तुत गर्नु भएको थियो । उहाँले कार्यपालिकाले व्यवस्थापिकाले प्रत्यायोजन गरेको काम गर्ने हो भन्दै संविधानको धारा ५४ ले संसदिय समितिको काम, कर्तव्य उल्लेख गरेको प्रसंग जोड्नु हुँदै जसले काम गऱ्यो उसले समन्वय र अनुगमन गर्न सक्दैन भन्ने मान्यता अनुसार नै संविधानमा जिल्ला समन्वय समितिको व्यवस्था राखिएको पुष्टि गर्नु भएको थियो । जिल्ला समन्वय समितिको कार्यालयमा अनुगमन र समन्वयका महाशाखा वा शाखा रहने व्यवस्था मिलाएर काम गर्नु पर्छ भन्दै अनुगमनका चरण र क्षेत्रबारे यस मार्गदर्शनमा उल्लेख गरेको बताउनु भयो । सरकारका तहगत कामको अनुसूची अनुसार काम गर्न कानून बनाएर गर्नुपर्नेमा सो नगरेको जिकिर गर्नु भयो । उहाँहरुको संक्षिप्त प्रस्तुति पछि टिप्पणी गर्दै जिल्ला समन्वय अधिकारीका तर्फबाट श्री शान्तिराज प्रसाई, जि.स.स. काभ्रेले प्रस्तुत मार्गदर्शनलाई बैधानिकता दिनुपर्ने बिषयमा संविधानत जिल्ला सभाले पास गर्न सक्ने भएपनि त्यति प्रभावकारी नहुने भन्दै यसलाई संघीय सरकारले कार्यविधिको स्वरुपमा बनाएर (LISA, Fiduciary risk reduction guideline) पठाउँदा प्रभावकारी हुने भन्दै समन्वयका प्रक्रिया र सूचकहरु थपगर्न सुझाव राख्नुभयो । Policy monitoring का थप सूचक पनि उल्लेख हुनु पर्ने उहाँको तर्क थियो ।







अर्का टिप्पणीकर्ता कर्णाली प्रदेश महासंघ का अध्यक्ष श्री मन्जन बहादुर कार्कीले तयार हुंदै गरेको मार्गदर्शन कार्यान्वयका सवालमा आवश्यक जनशक्तिबारे पनि समेटिनु पर्ने भन्दै लाभग्राही, सेवाग्राही बारे पनि तोक्न सकिन्छ की ? पूर्वाधारको गुणस्तर परिक्षण गर्ने प्रयोगशाला जिल्ला समन्वय समिति अन्तरगत सबैतिर हुनुपर्ने माग गर्नु भयो । अर्का टिप्पणीकर्ता लुम्बिनी प्रदेश महासंघ अध्यक्ष एवं गुल्मी जिल्ला समन्वय समिति प्रमुख श्री द्रोण खत्रीले दस्तावेजमा बिषयबस्तु र सूचक पर्याप्त भएको भन्दै स्थानीयतहले बनाउने बजेट कार्यक्रमका बिषय संगै आन्तरिक श्रोतका संभावना, दर दायरा आदिबारे जिल्ला सभाको भूमिका हुने प्रबन्ध गर्नु पर्छ भन्दै राष्ट्रिय योजना आयोग, प्राकृतिक श्रोत तथा वित्त आयोग, शिक्षा आयोगले जिल्ला सभामा सरकारको नीति कार्यक्रमका प्रस्ताव तथा नीतिबारे जानकारी गराई सुझाव समेत संकलन गर्ने ब्यवस्था हुनेगरि मार्गदर्शनमा प्रावधान राख्न मागगर्नु भयो । उहाँले शिक्षाका श्रोत ब्यक्ति जि.स.स.मा राखेर स्थानीयतहका विद्यालयको अनुगमन गरौं, आन्तरिक लेखापरीक्षण गर्ने निकाय जिल्ला समन्वय समिति मातहत राखौं भन्नुभयो ।



महासंघ कार्यसम्पादन समिति सदस्य एवं जि.स.स. ललितपुरका प्रमुख श्री ऋषिदेव फूंयालले यो दस्तावेजलाई संघीय सरकारले जारीगर्ने कार्यविधिको स्वरुप दिनुपर्‍यो । कार्यविधिमा जिल्लाको संन्तुलित विकासका लागि अनुगमन गर्न जिल्ला समन्वय समितिले परामर्शदाता नियुक्ति गरेर काम लगाउन सक्ने प्रावधान राख्न सुझाव गर्नु भयो । बिषयगत क्षेत्रका निकाय, संघ र प्रदेशका सांसद विचको समन्वय जिल्ला समन्वयले गर्ने प्रावधान र सूचक थप गर्नुपर्ने उहाँको धारणा थियो ।

नवराज गेलालः (जिल्ला समन्वय समिति महासंघ नेपालका निवर्तमान अध्यक्ष) – समन्वय र अनुगमन सम्बन्धी मार्गदर्शनले जिल्ला समन्वय समितिलाई मार्गदर्शन गरेको छ । यो कार्यान्वयन गर्न पनि क्षमता विकास हुने अवस्थाका जिल्लाहरु छन् त्यसमा अब गर्नेमा समावेश गरौं । स्थानीय पालिकाका नीति विधीको सूचना प्रवाह राम्रो छैन कार्यविधीमा हुनुपर्‍यो । जिल्ला सूचना केन्द्र अद्यावधिक संचालन प्रक्रियामा जाने विषयको पक्षमा केहि उल्लेख गर्नुपर्छ ।

राजेन्द्र प्याकुरेलः (गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक) – १७ वर्ष जिल्ला विकासमा काम गरेर गाउँपालिका राष्ट्रिय महासंघमा आउँदा आजको कार्यक्रमले सिक्ने अवसर मिल्यो । समन्वयका पक्षहरु विच, पक्ष र विपक्ष विच हुने यसैबाट प्रष्ट छ । संघ महासंघ आवश्यकताले गठन भएका छौं । हाम्रै कामले सबै निकाय/आयोग विभाग र मन्त्रालयमा चिनाएको छ । कानून बनाएर अभ्यास गर्ने र अभ्यासको सिकाईबाट कानून बन्ने, यी प्रक्रिया चलि रहन्छन । अष्ट्रेलियामा १२० वर्ष सम्म पनि सिकाई चलिरहेको छ (कानूनमा भएको भन्दा सिकाईबाट अघि बढेको छ भन्दै उहाले

- This document lets pass from DCC council and make district Council responsible/owner

- यसमा समन्वयका पक्षका सूचकहरु पनि राखौं, जिल्ला समन्वय समितिले स्थानीय तह संघ, प्रदेश वा एक अर्को संगको समन्वयमा जान सकिन्छ । Staff College मा local government को curriculum बनाएर नयाँ लोकसेवा पासगरेका अधिकृतलाई पढाउने कार्यको थालनी भएको छ ।
- DCC should develop as resource center. Training center को रुपमा जि.स.स.ले स्थानीय तहलाई सहयोग गर्न सक्छ ।
- Capacity Building का कार्यक्रम चलाउनु पर्‍यो ।
- National Standard संघ सरकारले तोक्ने र कार्यान्वयनमा एउटै बुझाईमा जानुपर्छ ।

पूर्व माननीय परशुराम मेघी गुरुङः अनुगमन र समन्वय सम्बन्धी मार्गदर्शनमा धेरै सुझाव आए सबैलाई धन्यबाद छ भन्दै सुझावहरु धेरै यसै भित्रबाट लागु हुने किसिमका रहेका र केहि बिषयमा ऐन बनाएर र संविधान समेत संशोधन गर्नुपर्ने किसिमका छन् भन्दै संघ र प्रदेशले नयाँ ऐन बनाए भने अझै राम्रो हुने । नभए पनि जिल्ला सभामा छलफल गरी कार्यान्वयनमा ल्याउने प्रक्रिया थालौं भन्ने आग्रह गर्नुभयो । ऐन, कानून छैन भनेर जि.स.स पछि नपरौं । सिंगापुरको शासन व्यवस्थाको सुरुवाती चरणका पक्ष र हाम्रो संघीयताको कार्यान्वयनमा नेतृत्व बारे तुलनात्मक उदाहरण प्रस्तुत गर्नुभएको थियो । उहांले प्रस्तावित मार्गदर्शनले संघ र प्रदेशलाई नै सजिलो हुने भएकोले यसलाई प्रदेशस्तरिय सम्मेलन आयोजना गरेर कार्यान्वयनमा ल्याउनु पर्छ भन्नुभयो ।



राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक श्री हरिनारायण वेल्वासेले दिगो विकास लक्षको कार्यान्वयनमा नेपालले के के गरेको छ र यसलाई कसरी सन् २०३० सम्ममा प्राप्त गर्ने भन्ने बारे प्रस्तुतिकरण गर्नु भयो । उहाँले SDG implementation contest and way formend with localized indicator का वारेमा राष्ट्रिय योजना आयोग ले ७५३ पालिका का प्रमुख प्रशासकिय अधिकृत र सूचना अधिकारीलाई लिगो विकास लक्ष्यहरु कसरी कार्यान्वय गर्ने तथा त्यसका सूचकहरु कति हासिल भए के परिणाम आयो भन्नेबारे प्रतिवेदन गर्ने software को प्रयोग बारे एकचरणको तालिम दिएको बताउनु भएको थियो । नेपालले सन् २००० देखि २०१५ को अवधिमा सहश्राब्धी विकास लक्ष्य (Mellenium Develoment Goal) को कार्यान्वयमा हासिल गरेको सफलता र दिगो विकास लक्ष्यलाई आन्तरिकिकरण गरि सन् २०१६ मा नै नेपालको आवश्यकताका आधारमा उप लक्ष्यहरु हासिल गर्ने सूचकहरु थपेर अन्तराष्ट्रिय २३४ सूचकलाई ४७८ बनाई कार्यान्वयमा लगेको चर्चा गर्दै सन् २०१७ र २०२० मा दुई पटक दिगो विकासमा नेपालले कार्यान्वय गरेको स्वेच्छिक प्रगति प्रतिवेदन Voluntary National review report लाई UN High level Political Forum मा पेश गरिसकेको उल्लेख गर्नु भएको थियो । योजना आयोगले दिगो विकासका लक्ष्य केन्द्रीत सूचकहरु हासिल गर्ने विषयमा हालसम्म झण्डै ६८ बटा अध्ययन, कार्यवीधि, प्रतिवेदन, हाते पुस्तिका आदि स्थानीयतहमा पुऱ्याएको जानकारी दिईएको थियो । दिगो विकासका लक्ष्यप्राप्तिमा काम गर्नका लागि पनि स्थानीय तहमा कर्मचारी जाने वातावरण बनाउन जि.स.स.ले वकालत गरिदिनु पर्छ भन्दै जिल्लामा सूचना तथ्यांक एकद्वार प्रणालीमा कसरी लाने र सूचना र तथ्यांक अद्यावधिक र भरपर्दो बनाउनेमा जि.स.स.को भूमिका महत्वपुर्ण हुने उहाँको सुझाव थियो । उहाँको प्रस्तुतिकरणको पूर्ण विवरण अनुसूचीमा उल्लेख छ ।

सहभागीको जानकारीका लागि जिल्ला समन्वय समिति महासंघ नेपाल संग मिलेर काम गर्न प्रदेशस्तरमा SDG implementation को proposal पेस गरेका छौं । जिल्ला सभामा दिगो विकास लक्ष्य प्राप्तिका कार्य गर्ने एजेण्डा पास गरौं । जिल्ला समन्वय समितिहरुले जिल्ला सभाका सदस्य तथा स्थानीय पालिकाहरुका जनप्रतिनिधि तथा कर्मचारीको दिगो विकास कार्यान्वयनबारे क्षमता विकास तालिम संचालन, समुदायस्तरमा सचेतना फैलाउन स्थानीय गैह सरकारी संस्था तथा विभिन्न संजाललाई प्रभावकारी परिचालन गर्न वातावरण निमार्ण गर्नुपर्ने बिषयहरु औंल्याउनु भयो ।

उहाँको प्रस्तुतिमा टिप्पणीकर्ताहरुले जिल्ला सभाको बैठकमा राष्ट्रिय योजना आयोगलाई निमन्त्रणा गर्दा उपस्थिति नहुने गुनासो थियो ।



पहिलो टिप्पणीकर्ता श्री गणेश गैरे, समन्वय अधिकारी - जि.स.स. रसुवाः उहाँले आफू मात्र २ महिना देखि जि.स.स. रसुवामा कार्यरत रहेको बताउँदै दिगो विकास लक्ष्य हासिल गर्न पांचस्तम्भ P5 (People, Planet, Participation, Partnership and Peace) को उचित प्रबन्ध गर्न सके नेपालले समृद्धि हासिल गर्न सक्छ भन्दै जिल्ला समन्वय समितिको प्रावधान र काम, कर्तब्य र अधिकार संविधानले तोकेको र चीनेको तर राष्ट्रिय योजना आयोगले नचिनेको र परिचालन नगर्दा जिल्ला समन्वय समितिका अनुगमन, प्रतिवेदन संघमा कहाँ पठाउने तथा त्यसमा उठेका विषय सुझाव कसले कार्यान्वयन गर्ने भन्दै संघीय संरचनाले Whole of the government concept मा कामगर्नु पर्ने तर्फ योजना आयोगको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।



अर्का टिप्पणीकर्ता श्री शान्ति रोक्का, उपप्रमुख - जि.स.स. झापाले महासंघले स्थानीय पालिकाहरु संग समन्वय गर्न थप भूमिका खेल्नु पर्ने देखिन्छ भन्दै प्रदेश १ मा महासंघ सक्रिय हुनुपर्‍यो भन्ने माग राख्नुभयो ।



दिगो विकास लक्ष्यबारेको प्रस्तुतिमा टिप्पणी गर्दै मधेश प्रदेश जिल्ला समन्वय समिति महासंघ अध्यक्ष एवं जि.स.स. सर्लाही प्रमुख श्री कौशल कुमार सिंहले प्रस्तावित समन्वय र अनुगमन मार्गदर्शनमा मधेश प्रदेशले कार्यान्वयनमा ल्याएको जि.स.स. सम्बन्धि कानूनको प्रबन्धबारे उल्लेख गरिदिनु होला भन्दै दिगो विकासको लक्ष्य कार्यान्वयनका लागि जि.स.स.को भूमिकाबारे सबै विषय क्षेत्रको लागि जनशक्ति, क्षमता, स्रोत प्रवन्धमा सहयोग राष्ट्रिय योजना आयोगबाट होस भन्ने माग र सुझाव राख्नु भयो ।



अर्का टिप्पणीकर्ता श्री ईश्वर बहादुर थापा, जिल्ला समन्वय समिति महासंघ नेपालका कार्यसम्पादन समिति सदस्य एवं प्रमुख जिल्ला समन्वय समिति भक्तपुरले जिल्ला समन्वय समितिले सबै संग साझेदारी खोजेको हो तर सबैजसो यसमा आउन चाहनु भएको छैन । जिल्ला समन्वय समितिहरुको क्षमता विकासमा सबैको साथ आवश्यक छ भन्नुभयो ।



कोशी प्रदेश वा १ नं प्रदेश जि.स.स. महासंघ अध्यक्ष एवं जि.स.स. भोजपुर प्रमुख श्री कमल थुलुङ्ग राईले संघीयता ल्याउन धेरै प्रयास भएका थिए । अहिले स्थानीय तहमा भार छ तर स्रोत छैन त्यसैले स्थानीय तह लाई क्षमता बढाउन राष्ट्रिय योजना आयोग लगायतले काम गर्नु पर्छ भन्दै स्थानीय तह र जि.स.स. जोडिने पाटोको रुपमा SDG को कार्यान्वयन सफल हुन्छ होला भन्दै Local level लाई अग्राधिकार दिएकोमा SDG को सूचकहरु प्राप्तिका कार्यहरु नै tool को रुपमा हुन सक्ने धारणा राख्नुभयो । उहांले NPC Needs to act as Dr. Harka Gurung in the past भनेर विदा लिनुभयो ।



पहिलो दिनको प्राविधिक सत्रहरुको अध्यक्षता गर्ने महासंघका कोषाध्यक्ष एवं जि.स.स. खोटाङका प्रमुख श्री सनबहादुर राईले आज सबै श्रोतब्यक्ति तथा सहभागीज्यूहरुले झण्डै ८ आठघण्टा सम्म अनुशासित एवं सक्रिय सहभागी जनाउनु भएको प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु भन्दै नेपालमा संघीयता कार्यान्वयनमा जिल्ला समन्वय समितिहरुको महत्वपूर्ण योगदान हुने पक्षबाट आवश्यक नीति विधिका बारे भएका प्रस्तुति र छलफलबाट आएका निचोडलाई मार्ग दर्शन बनाएर जिल्ला समन्वय समितिलाई आवश्यक ऐन, कानून बनाउन संघ र प्रदेश संग lobbing गरिने छ भन्दै विहानको उद्घाटन सत्रमा माननीय संघीय मामिला मन्त्रीले जिल्ला समन्वय

समितिहरुको क्षमता विकासका साथै काम गर्ने वातावरणका लागि के के कुरामा कानून बनाउनु पर्ने हो त्यसमा महासंघको नेतृत्व आउनुहोस् हामी गछौं भन्नु भएका बिषयलाई अवसरका रुपमा प्रयोग गरौं । बिषयगत मन्त्रालय, आयोगहरुलाई समेत यो बिषयमा सल्लाह सुझाव र साथ दिन आग्रह गर्नु भएको थियो ।

पहिलो दिनको समापन पूर्व महासंघका महानिर्देशक श्री कृष्णचन्द्र न्यौपानेले समय मागेर यो क्षमता विकास सम्बन्धी नीतिबहस कार्यक्रमको आयोजनाका आयाम तथा उद्‌धाटन सत्र र प्राविधिक सत्रका विषयवस्तु र छलफलको निचोडको संश्लेषण गरिने बताउनु भएको थियो ।

त्यसपछि सभाका अध्यक्ष श्री राईले पुनः सबैलाई धन्यबाद भन्दै भोली विहान ८ बजेबाटै सत्र शुरुगरी दिवा खाना खाएर विदाईको वातावरण बनाउन सबैको सहयोगको अपेक्षासाथ पहिलो दिनको समापन गर्नुभएको थियो ।












## दोस्रो दिन

कार्यक्रमको दोस्रो दिन जिल्ला समन्वय समिति महासंघ नेपालका महासचिव एवं जि.स.स. रसुवाका प्रमुख अशोक कुमार घिमिरेज्यूको अध्यक्षतामा सुरु भयो । प्रारम्भमा महासंघका महानिर्देशक कृष्णचन्द्र न्यौपानेले जिल्ला समन्वय समितिहरुको क्रियाशिलता निम्न क्षेत्रमा प्रभावकारी बनाउन नीति विधि बनाएर क्षमता विकास गर्नुपर्ने अहिलेको आवश्यकता भएकोले यस किसिमको नीतिबहस कार्यशाला आयोजना गरिएको र निम्न विषयमा बुझाईमा एकरुपता सहितको नीति बनाउन सक्दा जिल्ला समन्वय समितिहरुको भूमिका प्रभावकारी हुने अपेक्षा गरिएको भन्दै उहाँले :




- श्रोत अन्यत्रबाट अरुले खटाएको, जनशक्ति समायोजनमा आउनुपर्ने तथा स्थानीय आवश्यकता, सम्भावना र स्वायत्तता प्रबर्द्धन गर्ने र आन्तरिकीकरण गर्ने कार्यमा निर्वाचित जनप्रतिनिधिले कार्य गर्न खोज्नु र नागरिकलाई सहज सेवा प्रवाहमा केन्द्रित हुनुपर्नेमा राजनितिक हिसावले संघमा कुन दलको सरकार छ प्रदेशमा कुन दल अनि आफू कुनदल जस्ता कुराको प्रभाव र दवावमा रहेर काम गर्न खोज्दा संघीयता को मर्म पहिल्याउन नसकेको र समन्वय, सहकार्य र सहअस्तित्वको मार्गवाट अन्यत्र हुनजाँदा संविधानको प्रावधानका राज्य संरचना र नागरिक मौलिकहक विच नै तालमेल नहुने अवस्था भएपछि कताको नागरिक सर्वोच्चता कताको विधिको शासन भएको छ ।

- सार्वजनिक सेवाका लागि राज्य संयन्त्रको जवाफदेहिताको प्रति लक्षित भन्ने प्रश्न खडा भएको छ । आन्तरिक रुपमा राजश्वका श्रोत हुने र नहुने अवस्थाका स्थानीयतहको कार्यप्रणाली र श्रोत परिचालनमा मौलिकता सहितको प्रतिस्पर्दा हुनुपर्नेमा राजनितिलाई पेशाको रुपमा पहुँच हुनेको चैन नहुनेले सामान्य सूचना पनि नपाउँदा भ्रष्टाचार मौलाउन सहज भएको छ । तीनै तहका सरकारी संयन्त्रमा रहने र राजश्वबाट तलव भत्ता वा सेवा सुविधा लिनेले स्थापित सदाचारीताका मूल्य मान्यतालाई हेक्का नराख्ने र आफू अनुकुल निर्णय गर्ने ।

- बहुमत र अल्पमतको आधारमा राम्रो लाई नराम्रो र नराम्रोलाई राम्रो भन्ने निर्णयमा पुग्ने प्रवृत्तिलाई समयमै पहिचान गरी त्यसलाई निरुत्साहित गर्ने र प्रभावकारी अनुगमन, समन्वय र सहकार्यको वातावरण बनाउने जिम्वेवारी पाएको जिल्ला समन्वय समितिहरुबारे राजनितिक दल र सार्वजनिक प्रशासनको नेतृत्वले बुझने र बुझाउने वातावरण श्रृजना गर्न यो नीति बहस कार्यशाला केन्द्रीत हुनुपर्ने मान्यताले दुई दिवसिय कार्यशाला सफल हुने अपेक्षा गरिएको छ ।

- कानून तथा अन्य कार्यविधिले समेट्न नसकेका तर समग्र देशका नागरिकको सामाजिक आर्थिक उन्नति र परिवर्तन संग जोडिएका बिषयक्षेत्रका बारे जिल्ला समन्वय समितिको मौजुदा संरचनाको सक्रियता र संलग्नतालाई तीनैतहका सरकारले सकारात्मक सोचका साथ काम गर्न उत्प्रेरित गर्ने, सहयोगका संभावना पहिल्र्याइ दिने र सहकार्य गर्ने प्रतिबद्धता सहितका नीतिगत प्रबन्ध गर्न सकेमा संघीयताको महत्व र प्रतिफलबारे आम नागरिक सूसुचित हुने र परिवर्तको अनुभुति गर्न पाउने अवस्था आउने अपेक्षा रहेको छ ।
- ती प्रमुख क्षेत्रमा **जलवायु परिर्वतन र यसका असरको न्यूनीकरणका लागि प्रतिकार्यको प्रबन्ध** र संचालनमा जिल्ला समन्वय समितिहरुको संलग्नता र समन्वय, सन् २०१५ मा संयुक्त राष्ट्र संघका १९३ राष्ट्रले अनुमोदन गरि सन् २०३० सम्ममा मानव, पृथ्वी, सहकार्य, शान्ति र समुन्नतिका अवस्थाहरुलाई हासिल गर्न तय भएका १७ लक्ष्य, १६९ उपलक्ष्य, २३४ सूचकहरु सहितको १५ बर्षे विकास लक्ष्य जसमा यस पृथ्वीमा जन्मलिएका कसैलाई छोडिने छैन र कसैलाई विमुख हुनुपर्ने छैन भन्ने मान्यताले काम गर्न सदस्य राष्ट्रले स्थानीयकरणका लागि सूचकहरु निर्धारण गर्न सक्ने प्रावधान समेत भए बमोजिम नेपाल सरकारले शुरुमा ४७९ सूचक निर्धारण गरेको थियो र हालै आएर सूचकहरु पुनरावलोकन गरि ३०१ सूचक कायम गरेको अवस्था छ ।
- जलवायु परिर्वतन संगै जोडिएको विपत ब्यवस्थापनका सम्बन्धमा जिल्ला समन्वय समितिहरुको नेतृत्वदायी संलग्नता ज्यादै महत्वपूर्ण भएको अनुभूति राज्यका सबै क्षेत्रले कोभिड १९ को रोकथाम तथा नियन्त्रणका अवस्थामा गरिसकेको बिषय हो । विपतको तत्काल उद्धार तथा राहतको बिषयमा बाहेक विपदमा परेको पुर्नस्थापन तथा पुर्ननिर्माण (विकासका) का कार्यक्रम निमार्ण तथा कार्यान्वयनमा जिल्ला समन्वय समितिहरुको समन्वय, सहजीकरण तथा क्षमता विकास र दगिो जिवीकोपार्जनमा प्रभावित वस्ती र समुदायको पक्षवाट तीनैतहका सरकार तथा अन्य परिचालित स्वदेशी र विदेशी निकायहरु संगको सहकार्यका लागि जिल्ला समन्वय समितिको संरचनागत र सांगठनिक तथा भौतिक क्षमता विकास आवश्यक छ । यस कार्यशालाले यस विषयमा आवश्यक नीतिगत, प्रशासनिक र श्रोत प्रबन्धका लागि मार्गदर्शन सहितका सुझावहरु प्राप्त हुने अपेक्षा गरिएको छ ।
- **जिल्ला समन्वय समितिहरुलाई राष्ट्रिय योजना आयोगको प्रदेश र स्थानीयतह संगको सहकार्यवाट दिगो विकास लक्ष्यको प्रचार प्रशार तथा सेवा प्रदायक र सेवाग्राहीको संलग्नता बढाउन** र सहकार्यबाट लक्ष्य प्राप्तिका लागि कार्य गर्न क्षमता विकास लगायत प्रभावकारी अनुगमन, तथ्य तथ्यांकको संकलन र संरक्षण तथा विषयगत, आवधिक प्रगति प्रतिवेदनको लागि कार्य गर्ने सरकारी संरचनाको रुपमा परिचालन गर्ने वातावरण बनाउन आवश्यक छ र त्यसका लागि जिल्ला समन्वय समिति महासंघ नेपालले नेतृत्वदायी भूमिका लिनसक्ने वातावरण बनाउन नीतिगत तथा कार्यगत प्रबन्ध हुनका लागि पनि यो कार्यशाला उपयुक्त अवसर हुनसक्छ । यसबाट दिगो विकास लक्ष्य प्राप्तिका प्रगतिको प्रतिवेदन आवधिक स्वैच्छिक प्रतिवेदन स्थानीयतहमा (VLR) र राष्ट्रियस्तरमा (VNR) पुनरावलोकन समिक्षा गर्न पनि पृष्टपोषण हुन जानेछ ।
- **महिला बालबालिका तथा जेष्ठनागरिक सम्बन्धी लैगिंक समानता र सामाजिक समावेशीकरणबारे जिल्लास्तरमा सचेतनामूलक गतिविधि** गरि समग्र जिल्लाका मौलिकता सहितको सामाजिक, सांस्कृतिक मूल्य, मान्यता र संम्पदाको संरक्षणमा योगदान दिनसक्ने विचारशील समूह (think tank) निमार्ण र तथा परिचालनका लागि जिल्ला भित्रका गाउँ तथा नगरपालिकाहरुको साथ सहयोग र समन्वयको लागि जिल्ला समन्वय समितिमा संयन्त्र रहने प्रबन्ध र परिचालनका लागि क्षमता विकासका सम्बन्धमा नीतिगत प्रबन्ध गरि कार्यक्रम निर्माण, समाज विकास र सामाजिक परिर्वतनका कार्यलाई संस्थागत गर्ने नेतृत्व जिल्ला समन्वय समितिले लिनसक्ने गरि संरचनागत तथा भौतिक क्षमता विकास गर्न आवश्यक देखिन्छ ।

- **<u>सबैको पहुँचमा गुणस्तरिय शिक्षा उपलब्ध गराउन</u>** तथा भूगोल, जातजाती, वर्ग समुदायको हित र संलग्नताका कार्यका लागि जिल्ला समन्वय समितिहरुले संघ, प्रदेश र स्थानीय तहसंगको सहकार्यलाई साथ र सहयोग हुनेगरि नीति, विधि तथा कार्यक्रम निमार्ण र कार्यान्वयनको प्रबन्ध गर्नका लागि यो कार्यशालाले मार्गदर्शन गर्न सक्ने अपेक्षा गरिएको छ ।
- राजनितिक शिक्षाको माध्यमबाट संघीयता अनुकुलको सामाजिक परिर्वतन र विकासलाई संस्थागत गर्ने नेतृत्वदायी भूमिका जिल्ला समन्वय समितिलाई दिन आवश्यक क्षमता विकास गर्न उपायको पहिचानका लागि यो कार्यशाला उपयुक्त विचार बहसको थलो हुने अपेक्षा गरिएको छ ।
- **<u>जिल्ला समन्वय समिति महासंघ नेपालले नेपालमा महिला अधिकार दिवस हरेक बर्ष जेष्ठ १६ गते मनाउने निर्णय गर्न नेपाल सरकार महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयल संग सहकार्य गरेको थियो ।</u>** नेतृत्वमा महिला पुग्न र अर्थपूर्ण सहभागिताका सम्बन्धमा महिला शसक्तिकरण, समानता र सामाजिक समावेशीकरणको मौलिकता निर्धारण मानकहरु बनेका छैनन् । महिला, बालबालिका सम्बन्धी लैंगिक समानता र सामाजिक समावेशीकरण बारे नीतिगत प्रबन्ध गरि जिल्लास्तरका कार्यक्रम निर्माण, समाज विकास र सामाजिक परिर्वतन कार्यलाई संस्थागत गर्ने नेतृत्व जिल्ला समन्वय समितिहरुलाई दिन सकिने र निर्वाचित जनप्रतिनिधिले समाज विकास राष्ट्रिय सोच अनुकुल जनजागरण र चेतना बृद्धिका कार्य गर्न सक्ने हुनेछन् ।
- दिगो विकास लक्ष्यको स्थानीयकरण गरि त्यसलाई स्थानीय आवश्यकता, सम्भावना र उपलब्धीका पक्षबाट स्थानीयतहका बार्षिक, आवधिक योजना निमार्ण तथा बजेट बिनियोजन, नीति तथा कार्यक्रम सहितका कार्यान्वयन संयन्त्रको एकिकृत परिचालनमा नेपाल सरकार पक्ष भएर संयुक्त राष्ट्रसंघमा अनुमोदन भएको दिगो विकास लक्ष २०३० को सफल कार्यान्वयन गर्न तीनैतहको सरकार संग समन्वय गर्न सक्ने हैसियतको जिल्ला समन्वय समितिलाई क्षतमतावान बनाउनु आवश्यक छ । यसक्रममा बर्तमान सर्न्दभका जिल्ला सभा र समन्वय समिति सम्बन्धमा सतहीतर्कहरु र संघीयता नरुचाउनेले गरेको ब्यवहार जसमा जि.स.स.लाई वास्ता नगरेर, अधिकारको लडाँईमा लागेकाहरुले कहिले कहि यो चौथो तह हो भन्ने तथा जिल्ला भए अर्को किन चाहियो ? जिल्ला नहटि त संघीयता कार्यान्वयन नहुने कुतर्क गर्नेलाई पनि बुझाउने गरि कार्य गर्ने मार्गदर्शन सहित जान र दीगो विकास लक्ष्यका सम्बन्धमा समन्वय, सहजिकरण तथा अनुगमन र स्थानीय स्वेच्छिक प्रतिवेदन (Voluntary local review) तयारी तथा राष्ट्रिय स्वेच्छिक प्रतिवेदन (Voluntary national review)का लागि पृष्टपोषण गर्ने महत्वपूर्ण संयन्त्र जिल्ला समन्वय समितिहुने बारे राष्ट्रिय योजना आयोगलाई सुझाव सहितको प्रस्ताव बनाउन पनि यो कार्यशालाले मार्ग प्रसस्त गर्ने छ ।

  स्थानीय तहका कार्यक्षेत्र र अधिकारहरु जिल्लामा फर्काउने कार्य जि.स.स.ले गर्ने होइन बरू सहजिकरण र समन्वयका मार्फत श्रोतसाधनको परिचालनलाई प्रभावकारी बनाई जिल्लाको सन्तुलित विकासका लागि मिलेर काम गर्ने वातावरण र नीति बिधिको निमार्णका लागि यो प्रयास गरिएको भन्दै उहाँले SDG को localization process मा जिल्ला समन्वय समितिले अग्रमोर्चामा बसेर भूमिका निभाउन सक्छ (DCC would like to be a front line carrier for SDG target achievement) भनेर विदालिनु भएको थियो ।

दोश्रो सत्रमा सातै प्रदेशका प्रदेश महासंघको कार्य समितिका पदाधिकारीहरुले आफ्नो प्रदेशको प्रस्तुति राख्नु भएको थियो ।



कोशी प्रदेशः उपाध्यक्ष,

श्री छिरिङ्ग लामा, प्रमुख- जि.स.स. ताप्लेजुङ्गः जिल्ला समन्वय समिति प्रमुखले नागरिकता सनाखत गर्ने विषय ऐनमा समेट्नु पर्ने विषय समावेश हुनुपर्‍यो ।

- जिल्ला समन्वय अधिकारी जि.स.स. नआउने कारण के हो ? काम पुगेन ? Fund खर्च गर्न पाईदैन वा अन्य ?

- जिल्ला सभाको निर्णयले पैसा दिने विषय Purposeful हुनुपऱ्यो ?
- विपद जोखिम न्यूनिकरण प्रतिकार्य योजनाका लागि श्रोत ब्यवस्थापन र परिचालन
- विषयगत समितिबाट संयोजक हुने
- राष्ट्रिय सभा सदस्य निर्वाचनमा मताधिकारका हुनुपर्छ ।
- प्रदेश महासंघले केन्द्रिय महासंघ र सरकारसंग समन्वय वार्ता गरोस
- भ्रष्टाचार विरुद्ध महासंघले अपिल/ध्यानाकर्षण जारी गरोस



मधेश प्रदेशः उपाध्यक्ष,

श्री दिलिप कुमार लामा, उपप्रमुख- जि.स.स. सिराहाः जिल्ला समन्वय समितिका उपप्रमुख र सदस्यहरु कुनै विषय समितिले वा कार्यक्रममा रहने प्रवन्ध छैन । जिल्लाभित्र काम गर्ने गरी क्षेत्र तोकिनु पर्छ ।

- प्रदेशमा ३ वटा ज्ञापन पत्र बुझाएका छौं सुनुवाई भएको छैन । यसवर्ष बजेटमा प्रदेशले प्रवन्ध गर्नेमा हेर्दैछौं । सबै प्रदेशमा एकरुपता हुनुपर्छ ।

- जि.स.स.ले वार्षिक योजना बनाएर कार्यान्वियन गर्ने प्रयास गरेको छ ।

बागमती प्रदेशः उपाध्यक्ष,



श्री नानु कार्की, सदस्य - जि.स.स. भक्तपुरः जलवायु परिवर्तन र वातावरण पक्षका कार्यक्रम बनाउन पालिकाहरुले प्राथमिकता नदिएको

- महिला लक्षित बजेट नीति, कार्यक्रमको बारे समन्वय र अनुगमन गर्न जि.स.स. भित्र कार्य विभाजन गरी जिम्मेवारी दिनुपर्छ ।



गण्डकी प्रदेशः सचिव

श्री सरस्वती वगाले, सदस्य- जि.स.स. स्याङ्जा ः

- संविधानका प्रावधान अनुसार कानून र नियमावली बनाई सक्रिय बनाउनुपर्छ ।
- जि.स.स.ले आन्तरिक आय संकलन र प्रयोग स्वयंम गर्नु पाउनु पर्छ ।

- विद्यमान ऐन कानून र जि.स.स.को भूमिकाबारे स्थलगत प्रशिक्षण आवश्यक छ ।
- मासिक रुपमा जि.स.स. बैठकमा सबै विषय क्षेत्रको प्रतिवेदन माथि छलफल गर्ने र सम्बन्धित निकायमा निर्णय पठाउनु पर्छ ।
- २० लाख माथिका योजनाको बजेट विनियोजन गर्दा जि.स.स.को राय समेत लिने प्रबन्ध हुनपर्छ ।
- योजना पुस्तिका ब्यवस्था गर्ने
- सन्तुलित विकास बारे प्रष्ट अवधारणाबारे जि.स.स.लाई प्रशिक्षण दिनुपर्ने
- दक्ष प्राविधिक र प्रशासनिक कर्मचारी ब्यवस्था हुनुपऱ्यो ।



लुम्बिनी प्रदेशः अध्यक्ष,

श्री द्रोण खत्री, प्रमुख - जि.स.स. गुल्मी

- प्रदेशले जि.स.स.लाई कार्यक्रम र बजेट दिन प्रस्ताव गरिएको छ । गत वर्ष केही रकम थियो ।
- जि.स.स.का पदाधिकारीले संस्थागत र पदीय मान्यताप्रति सकारात्मक हुनुपर्छ ।
- महिला विकास र सामाजिक कार्यमा पालिकाका जनशक्ति र कार्यक्रम आवश्यकता आधारित बनाएर जाने निर्णय गर्दै संघ मन्त्रालयमा Delegation जाने ।
- स्थानीय तहको शिक्षा नीति र विकास गुणस्तरको बनाउन जिल्ला समन्वय समितिले शिक्षाको नियमन गर्ने वि.नी.हरु श्रोतव्यक्ति जि.स.स.अन्तरगत हुनुपर्छ ।
- विकासको बजेट कार्यान्वयनबारे जि.स.स. महासंघ नेपाल र अर्थ मन्त्रालय सम्म जोडिनु पर्छ ।
- संघीय मन्त्रालयले स्थानीय तहका जनप्रतिनिधी र कर्मचारीको क्षमता विकासका लागि काम गर्न प्रदेश सुशासन केन्द्रलाई सक्षम बनाउनुपर्‍यो ।
- सूचना केन्द्रका लागि सूचना मन्त्रालय र पौष्टिक/पोषण मैत्री बनाउन बहुक्षेत्रीय पोषण कार्यक्रम संग समन्वय गरि पोषण मैत्री बनाउन स्वास्थ्य मन्त्रालयसंग समन्वय गर्नपर्छ ।



कर्णाली प्रदेशः उपाध्यक्ष,

श्री शिवराज शर्मा, प्रमुख - जि.स.स. हुम्ला ः

- महासंघलाई स्रोत साधन सहितको महासंघ बनाउनु पर्‍यो निगाहले होइन ।
- कर्णाली प्रदेशका मुख्य मन्त्री हिजो जि.स.स.का पदाधिकारी हो तर ठोस कार्य भएको छैन ।
- जि.स.स चिडियाखानाको मोटो बाघ बनाएर राजनीतिक वृत्तमा राख्ने कार्यले राज्य र जनताको भलो गर्दैन । राष्ट्रिय सभाको भोटिङ्ग Right जुटाउन आवश्यक छ ।
- Karnali Development vision plan बनाउन जिल्ला समन्वय समितिले नेतृत्व लिनुपर्छ ।
- कर्णाली प्रदेश भेलाले जेष्ठ १७ गते निर्णय गरी प्रदेश सरकारलाई बुझाएको छ । अहिले सम्म कार्यान्वयन भएको छैन ।



सुदूरपश्चिम प्रदेशः उपाध्यक्ष्य,

श्री टोप बहादुर खड्का, सदस्य - जि.स.स. बझाङ्गः

मलाई नयाँ अनुभुति र क्षमता विकास भएको छ ।

जिल्ला समन्वय समितिका पदाधिकारीलाई क्षमता विकास तालिम भएका छैनन् । सुदूरपश्चिममा गर्नुपर्छ ।

- जिल्ला सभाकोष स्थापना र प्रयोग सम्बन्धी कार्यविधि आवश्यक छ ।

- क्षमता विकास र सञ्जाल बनाउनु पऱ्यो ।
- अधिकार लिन विद्रोह गर्नु पर्ने वाध्यता नरहोस भन्ने धारणा हुँदाहुँदै वाध्य हुने
- प्रदेश महासंघ को स्रोत प्रवन्ध कसरी गर्ने ?

श्री तुलसी राम रोकाय :

- सरकारले कर्मचारी नदिने व्यवहार गरेको संचालनमा कठिनाई
- Safe Houseलाई संचालन व्यवस्था गर्ने निर्देशिका कार्यविधि बनेको छ यस अनुसार कार्य गर्न सुझाव पाउँ
- महासंघ अझ प्रभावकारी र सक्रिय हुनुपऱ्यो ।

श्री ऋषिदेव फुँयाल, प्रमुख - जि.स.स. ललितपुर : १ वर्षमा ५ वटा भेला बैठक भएका छन ।

- नीति वहस र कानूनी प्रवन्ध गर्न महासंघले उच्च नेतृत्वमा पुऱ्याउनु पर्छ ।

श्री ललित घलान - वागमती प्रदेश अध्यक्ष तथा प्रमुख जि.स.स. मकवानपुर



- बजेट पछि सफलताको कथा र बहुक्षेत्रीय पोषण कार्यक्रम
- कार्यान्वय थालनी गर्ने
- प्रदेशले जि.स.स.लाई समेटेको छ, कार्यविधी बनाएर पालिकामा Rotation भई बैठक गर्ने
- सर्वपक्षिय अनुगमन टोली बनाएर अनुगमन गरेका छौं ।
- बागमती प्रदेशले नदिजन्य उत्खननका विषय IEE, EIA अनुगमन र नियमन जि.स.स.लाई नै तोकेको छ ।
- बागमती प्रदेशमा बागमति प्रदेश का जि.स.स.लाई धेरै सहयोग गरेको छ यो नजिरका रुपमा देशमा पुगोस् ।

उपप्रमुख, जि.स.स. काभ्रेः समतामूलक कार्य समापनको पक्षबाट राम्रा कार्य, समन्वयका उदाहरण sharing भएका छन् ।



श्री जीवनारायण कोइराला, प्रमुख-जि.स.स. अर्घाखाँचीः यो कार्यक्रम असाध्यै फलदायि रहयो । आपसमा धेरै अनुभव र विचार आदान प्रदान भए । कार्यक्रममा समग्र जिल्ला समन्वय समितिका पदाधिकारी र सदस्य समेट्न र क्षमता विकास गर्न जरुरी छ त्यसैले निकट भविष्यमा नै प्रदेशस्तरमा भएपनि तालिम, गोष्ठी सेमिनार गर्न र स्थानीयतहका पमुख सहित जिल्ला समन्वय समिति र कर्मचारी साथै राखेर कार्यक्रमगर्न माग गर्दछु ।

श्री नवराज गेलालः अन्य कोष के हो ? कोष खोल्न प्रयास गर्दा रोक तोक वा कोष नभएसम्म आएको उठाऔं । जिल्ला सभाले यसता कोष खोल्ने र संचालन गर्ने विषय पास गर्नुपर्छ ।

वातावरण कानून संघ र बागमति प्रदेश बाझिएको छ ।

महिला नेतृत्व ः भूमिका संभावना र चुनौती



श्री शान्ति पाण्डे, उपप्रमुख - जि.स.स. काठमाण्डौं ः ५० प्रतिशत महिला पदाधिकारी निर्वाचित हुने प्रवन्ध हुनुपर्छ ।

- महिला आत्मनिर्भर हुने कार्यक्रम नेतृत्वमा महिला सशक्तिकरण हुन्छ
- शिक्षाको पहुँच सबै वर्ग, स्थानमा पुगेको सुनिश्चित गर्न महिला नेतृत्व आवश्यक छ ।
- बैदेशिक रोजगारीमा महिलाको विषयमा काम गर्न श्रम मन्त्रालयसंग समन्वय आवश्यक छ ।

जिल्ला समन्वय समिति महासंघ नेपालका महासचिवले समग्रमा उहाँहरुलाई हालको अवस्था, भए गरेका राम्रा काम, जुटेको अवसर, भोगेका चुनौती र क्षमता नपुगेर गर्न नसकिएका बिषयमा केन्द्रीत भएर विचार राख्न वा प्रस्तुतिकरण गर्न सुझाईएको थियो । त्यस अनुसार सातै वटा प्रदेशको प्रस्तुतिमा उठेका विषयवस्तुको सार निम्नानुसार रहेको छ ः

क) आवश्यक ऐन कानून, जनशक्ति र आर्थिक श्रोतको प्रबन्ध ब्यवस्थित र आंकलन गर्न सक्ने आधारमा नभएको विद्यमान अवस्थामा समग्र क्षमता कसरी बढ्छ ? र प्रभावकारी हुन्छ ? भन्दै संबिधानको धारा २२० र स्था.स.सं ऐन २०७४ मा भएका ब्यवस्था अपर्याप्त र बुझाई समेत फरक छ । नियमावली बनेको छैन यो चाँडो हुनुपर्छ ।

ख) प्रदेश कानून, प्रदेश नीति आयोगले बनाएको guideling मा DCC chief को समन्वयमा Team बनाएर अनुगमन गर्ने प्रवन्ध छ ।

ग) विधि, प्रक्रिया, ढाँचा सहितको सूचक पंक्तिवद्ध मिलाउनु पर्छ । महासंघले बिज्ञ लगाएर तयार गरेको समन्वय र अनुगमन मार्ग दर्शन संघीय सरकारले नै कार्यविधि कोरुपमा स्वीकृती गराई लागुगर्न सहजिकरण गरिदिनुपर्छ ।

- स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा जिल्ला सभा कोषबारे उल्लेख गरेको छ । तर अन्य स्रोत संचालन गर्ने कोष बारे प्रष्ट भएन । आन्तरिक आम्दानी राख्ने छुट्टैकोष छैन मौज्दात कोषमा राख्दा संचालन गर्न पाइएन ।
- जि.स.सको प्राविधिक सेवा समुह नमिलेकोले आउन सकेन भन्ने संघीय मन्त्रालयको प्रशासन शाखाको भनाई भएकोले सो ब्यहोरा खुलाएर पठाईदिनु पर्छ ।
- जिल्ला समन्वय समितिमा सूचना प्रविधि अधिकृतको सेवा दिने कर्मचारी हुनु अनिवार्य छ । मौजुदा दरवन्दीमा समायोजन गरेर भएपनि हुनुपर्छ ।
- जिल्लामा विषयगत समिति संरचना छन् तर त्यसको बैठक झण्डै वर्षको १ पटक पनि बस्दैन । प्रमुखले अध्यक्षता गरिने भनिएको छ तर जि.स.स.को कार्यालयमा आधिकारिक जानकारी हुँदैन ।
- संन्तुलित विकासका लागि सूचना केन्द्रको रुपमा जि.स.स. हुनुपर्ने विषय यसमा उठनु पर्छ ।
- बिषयगत संघ प्रदेशका कार्यालय तथा स्थानीयतहले मागेको सूचना दिदैनन् । सूचना नदिनेलाई के हुने ?
- समन्वय अधिकारी मार्फत प्रदेश र संघ कार्यालय र NGO सहितको परियोजनाहरुबारे जिल्ला समन्वयमा प्रवेश हुनुपर्छ । बैठकमा छलफल तथा जिल्ला सभामा निर्णय हुनुपर्छ ।
- महासंघले समाज कल्याण परिषदसंग समन्वय गर्नुपर्छ ।
- बागमति प्रदेशको वातावरण कानूनमा EII, IEE बारे विधि प्रक्रिया प्रष्टगर्नु पर्छ ।

- स्थानीय तह सम्बन्धी एकिकृत कानूनी संग्रह बन्नु पर्‍यो । यसमा महासंघले दातृसंस्थाको सहयोग लिनुपर्छ ।
- ठेक्कापट्टा लगाउने कोष उठाउने विषय ऐनमा प्रष्ट नहुँदा जि.स.स.ले आन्तरिक आय उठाउने र कोष व्यवस्थापन विषय खुलाई (सुनसरीमा अख्तियारमा मुद्दा परेको छ)
- जिल्ला सभा अन्तरगत पनि विभिन्न समिति तथा स्थानीय तहका विषयगत समितिले काम गर्नुपर्ने र जिल्ला समन्वय समितिका सदस्य पदेन सदस्य तोकिनुपर्ने ।
- मन्त्रालयबाट जिल्ला समन्वय समितिले आवश्यक समिक्षा र समन्वय वैठक संचालनगर्ने बारे परिपत्र आउन महासंघले पहल गर्नुपर्छ ।

माथिको संक्षेपिकरण पछि कार्यशालामा उपस्थित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका कार्यक्रम व्यवस्थापक एवं संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालयका उपसचिव श्री भुपेन्द्र सापकोटाले पि.एल.जि.एस.पी. २०७६/७७ मा संघीयतालाई सुदृढ गर्न राज्य संरचनाका प्रदेश र स्थानीय तहको क्षमता विकास, संघ लगायतका कर्मचारीको क्षमता विकास, सुशासन प्रवर्द्धन गर्ने उद्देश्यको ३ वर्षे कार्यक्रम कार्यान्वयनमा ल्याईएको बताउँदै उहांले नेपाल सरकार सहित दातृसंस्थाको सहयोग समेत रु १३० million बजेट रकम रहेकोमा विभिन्न कारणले हालसम्ममा रु ३० million मात्र खर्च भएको छ । यस आ.व. एकवर्ष थप गरेर कार्यक्रमका लक्ष्यहरु कार्यान्वयनमा लाने तयारी हुँदैछ र आगामी समयको लागि नयाँ प्रस्ताव तयारी पनि हुँदै गरेको जानकारी दिनुभयो । यो कार्यशाला आयोजना गरिनुको बारे बताउदै जि.स.स. महासंघ नेपाल जिल्ला समन्वय समिति सञ्जाल हो यहाँ जनशक्ति knowledge & skills छ त्यसलाई बढाइने छ । जिल्ला समन्वय समितिको एउटै अनुगमन प्रणाली बनाउन PLGSP लागिपरेको छ । महासंघको monitoring process लाई facilited गर्ने र DCC काठमाण्डौंबाट सुरु गर्ने कुरा बताउनु भएको थियो । महासंघले हालै तयार गरेको अनुगमन र समन्वय मार्गदर्शन बारे प्रदेशस्तरमा पनि कार्यशाला गर्ने र राष्ट्रियस्तरको भेला सहित यसको कार्यान्वयन सुभांरभ गर्न कार्यक्रमको सहयोग मागेको सम्बन्धमा National level मा program गर्न बजेट हेरेर गर्छौं । ADCCN संगै जाने Planning गरेका छौं जिल्लाका सबै कार्यक्रममा DCC संगै जाने हो भन्दै प्रदेशको function बारे प्रश्न उठेका छन् । प्रदेशलाई बलियो बनाउन आवश्यक छ । ५० प्रतिशत fund use गर्ने गरि ७५३ वटै स्थानीयतहको राजश्व सुधार योजना rollout गरिंदैछ भन्दै अवका दिनमा Digital monitoring framework मा जाने गरि तयारी हुँदै गरेको जानकारी समेत दिनुभएको थियो ।

कार्यक्रमको समापन गर्ने क्रममा जि.स.स. महासंघ नेपालका अध्यक्ष श्री राजन मेहताले यो दूई दिने कार्यक्रममा आफू लगायत सबै पदाधिकारी, प्रदेश महासंघ समिति, समन्वय अधिकारीहरु तथा PLGSP लगायत सरकारी अधिकारीहरु चासो र उत्साह साथ भागलिएर कार्यशाला सफल बनाई दिनु भएकोमा हार्दिक आभार प्रकट गर्नुभयो । उहाँले आज भूपेन्द्र सरले साथ दिन्छौं भन्दा ज्यादै हौसियौं भन्नुभयो । जि.स.स.मा निर्वाचित जनप्रतिनिधिलाई काम गर्न समन्वय अधिकारीले नियम कानून तेंस्याएर नरोकौं, उपाय विकल्प खोजौं । समन्वय अधिकारीले हामीलाई सफल नेता बनाई दिने अवसर दिनुहोस् । गर्नसके राम्रो गरौं नसके कुभलो नसोचौं । प्रार्थना गर्ने ओठ भन्दा सेवा गर्ने हात पवित्र हुन्छन्, महासंघ दह्रो भयो भने सबै सफल हुन्छ सरकारले value गरेको छ । महासंघलाई संघीयता कार्यान्वयमा भएका राम्रो काम गर्ने प्रचार विभाग बनाउँ भन्दै सामाजिक मूल्य मान्यता, स्थानीय अवसर र आवश्यकता प्रति इमान्दारीपूर्वक काम गर्न लगन हुनुपर्छ । हामी नेपालमा सबै मिलेर बस्न सांस्कृतिक, व्यवहारगत ढंगले बाँधीएका छौ । Lets work differently for the development of the country and ourself that impact in the longer. Lets work together for betterment भन्दै अध्यक्षले आफूले कर्णाली प्रदेशका जि.स.स.हरुले राम्रा काम मिलेर गर्ने सहमति सहित प्रदेश मूख्य मन्त्रीसंग समन्वय गरेको सुनेर खुसी लागेको बताउनु भयो । उहाँले समन्वय अधिकारी सबै जिल्लामा उपस्थित हुने प्रवन्ध हुन मन्त्रालयमा अनुरोध गर्ने । आगामी दिनहरुमा जिल्ला समन्वय समिति महासंघ र PLGSP कार्यक्रम विचको सहकार्यले थुप्रै

राम्रा नतिजा ल्याउने विश्वास सहित आफूहरु सक्रिय रहने प्रण गर्दै यो दूई दिवसिय कार्यशालाको समापन भएको घोषणा गर्नु भयो ।

**कार्यक्रमवाट सिकाई ः**

- जिल्ला समन्वय समितिका पदाधिकारहिरु जिल्लाको समग्र विकास र नागरिक संन्तुष्टिका लागि सेवा प्रवाह सहज बनाउन स्थानीयतहलाई मद्दतको लागि संघ र प्रदेशसंग समन्वय, सहकार्य बढाएर श्रोत, साधन एवं प्रविधि र आवश्यक जनशक्ति र शीप विकासमा तल्लिन हुनुभएको देखियो ।
- महासंघमा आवद्धता, साझा सवाल र साझा प्रयासका लागि एकताबद्ध हुने अवसर तथा संघ तथा प्रदेश सरकारसंगको समन्वय, सहकारी प्रबर्द्धनमा PLGSP कार्यक्रमको साथ र सहयोग अझ महत्वपुर्ण हुने र त्यसमा संलग्न हुने सिकाई सहभागीले बोकेको पाईयो ।
- संघीय र प्रदेश सरकारसंग महासंघले ब्यापक बहस र छलफलगरी जिल्ला समन्वय समितिलाई संविधानले दिएको अधिकारहरु पूर्ण कार्यान्वयनको निम्ति आवश्यक तहगत कानून र नियम बनाउन पहल गरिहाल्नुपर्नेमा सबैको एकमत र प्रतिबद्धता रहेको छ ।








## अनुसूची

**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय - घनश्याम अर्याल, उपसचिव**

- संघीय तथा प्रदेश मन्त्रालयका नीतिगत तथा योजनागत विषयमा स्थानीय तहहरूमा अभिमुखिकरण तथा समन्वय
- सरकारका वार्षिक नीति तथा कार्यक्रमका बारेमा अभिमुखिकरण र कार्यान्वयनमा सहजीकरण
- वार्षिक तथा आवधिक योजना निर्माण सम्बन्धमा स्थानीय तहको क्षमता विकास
- योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन, प्रतिवेदन प्रणाली स्थापना तथा कार्यान्वयन ।

---

# जिल्ला समन्वय समितिका लागि
# नीति वहस कार्यशाला

<u>२०८० जेष्ठ २९ र ३० धुलिखेल</u>

गतबर्ष २०७९ को बैषाखवाट जेष्ट अन्त्यसम्म पुग्दा नेपालमा स्थानीयतहका लागि निर्वाचन सम्पन्न भएको र यसले ४६० गाऊपालिका, २९३ नगरपालिका तथा ७७ जिल्ला समन्वय समितिको लागि आवश्यक जनप्रतिनिधि को चयन सार्वभौम सत्ता आफूमा निहित भएका जनता र उनीहरुले चुनेका जनप्रतिनिधिले गरेका हुन (संबिधानको धारा ५७ राज्यशक्तिको बांडफांड का उपदफामा उल्लेखित) ।

जिल्ला समन्वय समितिहरु संविधानको व्यवस्था अनुसार स्थानीयतह हो (धारा ५६ को राज्य संरचना उपधारा (४) । यसको व्यवस्था संबिधानको धारा २२० मा हुनुको साथै यसको काम, कर्तव्य र अधिकारवारे यसै धारा २२० को उपधारा ७ मा उल्लेख छ । जस अनुसार

क) जिल्ला भित्रका गाउँपालिका र नगरपालिका विच समन्वय गर्ने ।

ख) विकास तथा निमार्ण सम्बन्धिकार्यमा सन्तुलन कायमगर्न सोको अनुगमन गर्ने ।

ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गांऊपालिका र नगरपालिका वीच समन्वयगर्ने ।

घ) प्रदेश कानून बमोजिम अन्य कार्यहरु गर्ने ।

जिल्ला समन्वय समितिले स्थानीयतह भएपनि स्थानीय सरकार सरह आफूलाई आवश्यक नीति विधि र कानून निमार्णगर्न नपाउने र यसको कार्यसंचालन श्रोत तथा जनशक्तिको प्रबन्ध संघ सरकारले गरेको अवस्था छ भने प्रदेशतहमा जिल्ला समन्वय समितिहरुको सम्बन्धमा कानून बनाएर थप कामको जिम्वेवारी तोक्ने अधिकार प्रदेश सरकारलाई दिईएकोले जिल्ला सभा र जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकारवारे संघीय कानून र प्रदेश कानूनले प्रष्टयाउनु पर्ने छ । जिल्ला सभाले आफनालागि आवश्यक नियम वनाउन सक्ने प्रावधान राखेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ देखि दफा ९६ सम्म जिल्ला सभा, जिल्ला समन्वय समितिको गठन तथा काम कर्तव्यवारे उल्लेख छ । साथै आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा दफा ७८ मा व्यवस्था छ । नियमावली नबनेका कारण कार्यान्वयमा समस्या परेको अवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा एघार वटा काम, कर्तव्य र अधिकारको व्यवस्था

- पालिकाहरूको विकास निर्माणका विषय पहिचान गर्ने,
- सरकारी र गैर सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरूको व्यवस्थापन प्रभावकारिता र प्रतिफल अनुगमन गरी समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गराउने,
- पालिकाहरूको क्षमता विकास गराउने,

- जिल्ला भित्रका संघीय प्रादेशिक सरकारी कार्यालय र पालिकाहरू बिच समन्वय गर्ने,
- पालिकाहरू बिचको विवाद समाधानका लागि सहजीकरण गर्ने,
- प्रकोप र विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- गैसस र निजी क्षेत्रसँग समन्वय गर्ने,
- विकास निर्माण कार्यमा सन्तुलन भए नभएको अध्ययन अनुसन्धान गरी संघ,
- प्रदेश र पालिका सरकारलाई सुझाव र प्रतिवेदन दिने,
- वार्षिक समीक्षा कार्यक्रमहरू गरी राय सुझाव दिने लगायतका कार्यहरू तोकिएका छन् ।

**जिल्ला समन्वय सिमितको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धि नियमावली, २०७५**

- जिल्ला भित्रका सङ्घीय वा प्रदेश सरकारी कायार्लय र स्थानीय तह बीच समन्वय गर्ने
- जिल्ला भित्रका स्थानीय तहमा विकास निमार्ण सम्बन्धी कार्यको अनुगमन गर्ने,
- जिल्ला भित्रका स्थानीय तहको क्षमता ववकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने
- जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी योजना र राहत वितरण लगायतका कार्यमा समन्वय र सहिजकरण गर्ने,
- जिल्ला भित्रको विकास तथा निमार्ण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी सङ्घ सँस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्ला भित्रको विकास तथा निमार्ण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निमार्ण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि प्रदेश सरकार तथा आश्यकता अनुसार सम्बिन्धत स्थानीय तहलाई समेत सुझाव दिने,

<u>**वागमति प्रदेशले गरेको अन्य व्यवस्थाः**</u>

- नेपाल सरकारबाट स्वीकृत जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन सम्बन्धी कार्यविधिले तोकिएका सीमित क्षेत्रमा स्थानीय तह मार्फत खर्च गर्ने गरी विधि निर्धारण गरेको छ ।
- प्रदेश सरकारको वातावरण संरक्षण ऐन तथा संघीय मार्गदर्शन परिपत्रहरूले नदीजन्य सामग्री ढुङ्गा, गिट्टी बालुवाको उपयोग र अनुगमन आदि कार्यको पूर्ण जिम्मेवारी स्थानीय तहले नलिउन्जेलसम्मको लागि जिल्ला समन्वय समितिलाई विशेष जिम्मेवारी दिएको छ ।
- बागमती प्रदेश सरकारको हकमा प्रादेशिक वातावरण संरक्षण ऐनमा स्थानीय तहले सञ्चालन गर्ने विकास निर्माणका क्रियाकलापहरूको प्रारम्भिक वातावरणीय परीक्षणको कार्य गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिलाई दिएको छ ।

<u>**समाधान को पर्खाईमा रहेका केहिमूल सवालहरुः**</u>

- जिल्ला सभाको कोष सञ्चालन सम्बन्धी कानुन निर्माण गर्नुपर्ने अवस्था ।
- स्थानीय सरकार सञ्चालन ऐनमा कोषमा बजेट र स्रोत जम्मा गरिने व्यवस्था छ तर सञ्चित कोष खडा गर्ने, बजेट विनियोजन गर्ने, अख्तियारी दिने लगायतका कानुनी व्यवस्था नभएको हुँदा जिल्ला सभा गठनको वित्तीय औचित्य स्थापितगर्न कठिन रहेको ।
- जिल्ला सभाको कोष खडा हुन नसकेको
- साबिक जिल्ला विकास समितिको स्रोत परिचालन गर्न मौजुदा कोष खडा गरिएको तर उक्त कोषले सीमित क्षेत्रमा मात्र कार्य गर्न सक्ने गरी तोकिएको जसको कारण संघीय र प्रदेश स्रोतहरू, जि.स.स.को सम्पत्ति व्यवस्थापन, प्रशासनिक खर्चबापत प्राप्त हुने बजेट आदिको विनियोजन र खर्च यो कोषबाट गर्न नसकिने अवस्था ।
- मौजुदा कानुनले जि.स.स. लाई दिएका समन्वयकारी, अनुसन्धानमूलक, अनुगमन मूल्याङ्कन, क्षमता विकास लगायतका कार्य गर्न संघीय सरकारबाट पुग्दो एकमुष्ठ बजेट वा सशर्त कार्यक्रम प्राप्त नहुने ।
- प्रदेश सरकारबाट प्राप्त हुने बजेट तथाअख्तियारी ढिला गरी प्राप्त हुने समस्या रहेको ।

- जिल्ला स्थित सरकारी निकाय र स्थानीय तहको खर्च वा लेखा प्रणालीको आन्तरिक लेखा परीक्षण नियमन कार्य स्थानीय तहका आ.ले.प. कर्मचारीबाटै वा जिल्ला कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट गर्ने व्यवस्था हुँदा नियमन प्रभावकारी हुन नसकेको ।
- जिल्ला समन्वय समितिको अनुगमनकारी भूमिका स्थापित हुन नसकेको ।
- राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन, २०७३ तथा राष्ट्रिय योजना आयोगले निर्माण गरेको प्रदेश अनुगमन मूल्याङ्कन नमुना दिग्दर्शनमा जिल्ला अनुगमन मूल्याङ्कन समितिको परिकल्पना नगरिएको
- विकास समस्या समाधान समिति लगाएत केहि समितिहरू प्रदेश र प्रदेश मन्त्रालय स्तरमा प्रस्ताव गरिएको छ तर जिल्ला तहलाई छुटाइएको छ ।
- राष्ट्रिय आयोजना बैङ्क सम्बन्धी मार्गदर्शन, २०७६ मा परियोजनाहरूको पहिचान र कन्सेप्ट पेपर बनाउने जिम्मेवारी विषयगत मन्त्रालय र प्रदेश सरकारलाई तोकिएको छ । जबकि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा विकास निर्माणका विषय पहिचान गर्ने जिम्मेवारी जि.स.स.लाई समेत तोकेको छ ।
- नदीजन्य सामग्री ढुङ्गा, गिट्टी, बालुवाको उपयोग र अनुगमन सम्बन्धी ऐन कानुनको अभाव र निरन्तर फेरिइरहने कार्यकारी आदेशको भरमा जिल्ला तहमा अनुगमन नियमन कार्यमा खटिनुपर्दा अव्यवस्था र अन्योल बढेको छ । पालिका पिच्छे र जिल्ला पिच्छे ठेक्का प्रणाली, राजश्व असुली, दण्ड जरिवाना, घाट गद्दी, स्टक प्रमाणीकरण, क्रसर र सप्लायर्सको व्यवसाय नियमन कार्यमा विविधता हुनाले समग्रमा यो क्षेत्र अव्यवस्थाको वन्दी बनेको छ ।
- संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा विकास निर्माण कार्यमा पर्यावरणीय सन्तुलन कायम गर्ने गराउने अधिकार जिल्ला समन्वय समितिमा हुने व्यवस्था भए अनुरूप प्रदेश सरकारको वातावरण संरक्षण ऐनमा जिल्ला भित्र जुनसुकै सरकारी निकायबाट गरिने विकास निर्माण वा निजी र गैरसरकारी क्षेत्रको समेत निर्माण कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको कार्य गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिलाई दिने गरी प्रष्ट व्यवस्था नभएको ।

जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार हेर्दा यसको काम सुशासनका लागि पहरेदारी गर्ने संरचनाको रुपमा छ । यसमा कार्यकारी सभा भनेकै जिल्ला सभा हो जसमा जिल्ला भित्रका सबै गाऊँ तथा नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष र नगरप्रमुख, उपप्रमुख सहित जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यहरु रहने छन् । कानूनले जिल्ला सभाको भूमिका र महत्ववारे प्रष्ट नबोलिदिंदा र जिल्ला सभाको लागि जिल्ला समन्वय समितिले कामगर्ने भन्ने व्यवस्थाले गर्दा जिल्ला सभामा स्थानीय गांऊसभाका र नगरपालिकाहरुका नीति, विधि, आवधिक वा वार्षिक कार्यक्रम, आर्थिक प्रबन्ध र बिनियोजका सवालमा जिल्लाको संन्तुलित विकासको दृष्टिवाट के गर्ने भन्ने कुनै सोच विना आफ्नो कार्यक्षेत्र गाऊँपालिका वा नगरपालिका मात्र हो जस्तो गरेर संघ सरकार र प्रदेशको अनुदानमा रमाएको र आन्तरिक श्रोतको दर दायरा तथा संभावनावारे खासै चासो नगरेरै ७५३ वटा स्थानीय तहको पहिलो पांचबर्षको कार्यकाल समाप्त भयो ।

**अव के गर्ने : माथिका सवालका जवाफ**

- जिल्ला समन्वय समितिको सञ्चित कोष खडा गर्ने, बजेट विनियोजन गर्ने, अख्तियारी दिने अधिकार सहितको कानुनी व्यवस्था गर्ने (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधन गरी) ।
- जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन सम्बन्धी कार्यविधि र त्यसले निर्माण गरेको कोष खारेज गरी कोषको रकम जि.स.स. सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने ।
- जिल्ला समन्वय समितिमा संघ र प्रदेश सरकारबाट समान्यीकरण वा विशेष अनुदान, सशर्त अनुदानका कार्यक्रमहरू, सूत्र प्रणालीको उपयोग लगायतको व्यवस्था गर्ने ।
- जिल्ला भित्रका सरकारी कार्यालय र स्थानीय तहको खर्च वा लेखा प्रणालीको आन्तरिक लेखा परीक्षण जिल्ला समन्वय अधिकारी वा निजले खटाएको लेखा अधिकारीबाट हुने व्यवस्था राखिनुपर्ने । त्यसका लागि जिल्ला समन्वय समितिमा उपयुक्त सङ्ख्यामा लेखा परीक्षक कर्मचारीहरूको दरबन्दी रहनुपर्ने ।
- प्रदेश अनुगमन मूल्याङ्कन सम्बन्धी कानुनमा जिल्ला अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी त्यसको नेतृत्व र सचिवालय जि.स.स.लाई दिनुपर्ने । राष्ट्रिय र प्रादेशिक आयोजना बैङ्क निर्माण सम्बन्धी मार्गदर्शनहरूमा स्थानीय स्तरको महत्वपूर्ण आयोजनाहरू पहिचान र परियोजना बैङ्क खडा गर्ने अधिकार र जिम्मेवारी जिल्ला समन्वय समिति नेतृत्वको सर्वपक्षीय निकायलाई दिनुपर्ने ।

- नदी र खानीजन्य प्राकृतिक स्रोतको उत्खनन, प्रशोधन, ढुवानी र अनुगमन सम्बन्धी ऐन मस्यौदा गरी यथाशीघ्र लागू गरिनुपर्ने ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनमा संशोधन गरी 'समन्वय' कार्यको परिभाषा गर्ने, राष्ट्रिय प्रादेशिक र जिल्ला स्तरीय समन्वय समितिहरू गठन गर्ने, ती समितिहरूको काम, कर्तव्य र अधिकार तोक्ने कार्य गरिनुपर्ने ।
- प्रदेश सरकारको वातावरण संरक्षण ऐनमा जिल्ला भित्र जुनसुकै सरकारी निकायबाट गरिने विकास निर्माण वा निजी र गैरसरकारी क्षेत्रको समेत निर्माण कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यको जिम्मेवारी जिल्ला समन्वय समितिलाई दिने प्रष्ट कानुनी व्यवस्था गर्ने ।
- स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गराउने, स्वीकृत गर्ने र व्यवस्थापन परीक्षण गर्ने अधिकार जिल्ला समन्वय समिति मातहत गरी संघीय र प्रादेशिक निजामती सेवा ऐनमा व्यवस्था गरिनुपर्ने ।

श्रोत अन्यत्रवाट अरुले खटाएको, जनशक्ति समायोजनमा आउनुपर्ने तथा स्थानीय आवश्यकता, संभावना र स्वायत्तता प्रर्बधनगर्ने र आन्तरिकीकरणगर्ने कार्यमा निर्वाचित जनप्रतिनिधि ले कार्यगर्न खोज्नु र नागरिकलाई सहज सेवा प्रवाहमा केन्द्रित हुनुपर्नेमा राजनितिक हिसावले संघमा कुनदलको सरकार छ प्रदेशमा कुन दल अनि आफूकुनदल जस्ता कुराको प्रभाव र दवावमा रहेर कामगर्न खोज्दा संघीयता को मर्म पहिल्याउन नसकेको र समन्वय, सहकार्य र सहअस्तित्वको मार्गवाट अन्यत्र हुनजांदा संविधानको प्रावधानका राज्यसंरचना र नागरिक मौलिकहक विच नै तालमेल नहुने अवस्था भएपछि कताको नागरिक सर्वोच्चता कताको विधिको शासन भएको छ । सार्वजनिक सेवाका लागि राज्य संयन्त्रको जवाफदेहिता को प्रति लक्षित भन्ने प्रश्न खडाभएको छ । आन्तरिक रुपमा राजश्वका श्रोत हुने र नहुने अवस्थाका स्थानीयतहको कार्यप्रणाली र श्रोत परिचालनमा मौलिकता सहितको प्रतिस्पर्दा हुनुपर्नेमा राजनितिलाई पेशाको रुपमा पहू.चहुनेको चैन पहूंच नहुनेले सामान्य सूचना पनि नपाउंदा भ्रष्टाचार मौलाउन सहज भएको छ । तीनैतहका सरकारी संयन्त्रमा रहने र राजश्व वाट तलव भत्ता वा सेवा सुविधा लिनेले स्थापित सदाचारीता का मूल्यमान्यतालाई हेक्का नराख्ने र आफू अनुकुल निर्णय गर्ने । बहुमत र अल्पमतको आधारमा राम्रो लाई नराम्रो र नराम्रोलाई राम्रो भन्ने निर्णयमा पुग्ने प्रवृत्ति लाई समयमै पहिचान गरी त्यसलाई निरुत्साहितगर्ने र प्रभावकारी अनुगमन, समन्वय र सहकार्यको वातावरण बनाउने जिम्वेवारी पाएको जिल्ला समन्वय समितिहरु वारे राजनितिक दल र सार्वजनिक प्रशासनको नेतृत्वले बुझ्ने र बुझाउने वातावरण श्रृजनागर्न यो नीति बहस कार्यशाला केन्द्रीत हुनुपर्ने मान्यता ले दुई दिवसिय कार्यशाला सफल हुने अपेक्षा गरिएको छ ।

कानून तथा अन्य कार्यविधिले समेट्न नसकेका तर समग्र देशका नागरिकको सामाजिक आर्थिक उन्नति र परिर्वतन संग जोडिएका बिषयक्षेत्रका बारे जिल्ला समन्वय समितिको मौजुदा संरचना को सक्रियता र संलग्नता लाई तीनैतहका सरकारले सकारात्मक सोचका साथ कामगर्न उत्प्रेरितगर्ने, सहयोगका संभावना पहिर्ल्याइ दिने र सहकार्यगर्ने प्रतिबध्दता सहितका नीतिगत प्रबन्ध गर्न सकेमा संघियताको महत्व र प्रतिफलवारे आम नागरिक सूसुचित हुने र परिवर्तको अनुभुति गर्न पाउने अवस्था आउने अपेक्षा आयोजकहरुको रहेको छ ।

ती प्रमुख क्षेत्रमा **जलवायु परिर्वत र यसका असरको न्यूनिकरणका लागि प्रतिकार्यको प्रबन्ध** र संचालनमा जिल्ला समन्वय समितिहरुको संलग्नता र समन्वय , सन् २०१५ मा संयुक्तराष्ट् संघका १९३ राष्ट्ले अनुमोदनगरि सन् २०३० सम्ममा मानव, पृथ्वी, सहकार्य, शान्ति र समुन्नतिका अवयवहरुलाई हासिलगर्न तय भएका १७ लक्ष्य, १६९ उपलक्ष्य, २३४ सूचकहरु सहितको १५ बर्षे विकास लक्ष्य जसमा यस पृथ्वीमा जन्मलिएका कसैलाई छोडिने छैन र कसैलाई विमुख हुनुपर्ने छैन भन्ने मान्यताले कामगर्न सदस्यराष्ट्रले स्थानीयकरणका लागि सूचकहरु निर्धारणगर्न सक्ने प्रावधान समेत भए बमोजिम नेपाल सरकारले सुरुमा ४७९ सूचक निर्धारण गरेको थियो र हालै आएर सूचकहरु पुनरावलोकन गरि ३०१ सूचक कायम गरेको अवस्था छ ।

जलवायु परिर्वतन संगै जोडिएको विपत व्यवस्थापनका सम्बन्धमा जिल्ला समन्वय समितिहरुको नेतृत्वदायि संलग्नता ज्यादै महत्वपूर्ण भएको अनुभूति राज्यका सवैक्षेत्रले कोभिड १९ को रोकथाम तथा नियन्त्रणका अवस्थामा गरिसकेको बिषय हो । विपतको तत्काल उध्दार तथा राहतको बिषयमा वाहेक विपदमा परेको पुर्नस्थापन तथा विकासका कार्यक्रम निमार्ण तथा कार्यान्वयनमा जिल्ला समन्वय समितिहरुको समन्वय, सहजिकरण तथा क्षमता विकास र दगिो जीवीकोपार्जनमा प्रभावित वस्ती र समुदायको पक्षवाट तीनैतहका सरकार तथा अन्य परिचालित स्वदेशी र विदेशी निकायहरु संगको सहकार्यका लागि जिल्ला समन्वय समितिको संरचनागत र सांगठनिक तथा भौतिक क्षमता विकास आवश्यक छ । यस कार्यशालाले यस विषयमा आवश्यक नीतिगत, प्रशासनिक र श्रोत प्रबन्धका लागि मार्गदर्शन सहितका सुझावहरु प्राप्तहुने अपेक्षा गरिएको छ ।

**जिल्ला समन्वय समितिहरुलाई राष्ट्रिय योजना आयोगको प्रदेश र स्थानीयतह संगको सहकार्यवाट दिगो विकास लक्ष्यको प्रचार प्रशार तथा सेवा प्रदायक र सेवाग्राहीको संलग्नता वढाउन** र सहकार्यवाट लक्ष्य प्राप्तिका लागि कार्यगर्न क्षमता विकास लगायत प्रभावकारी अनुगमन, तथ्य तथ्यांकको संकलन र संरक्षण तथा विषयगत, आवधिक प्रगति प्रतिवेदनको लागि कार्यगर्ने सरकारी संरचनाको रुपमा परिचालनगर्ने वातावरण वनाउन आवश्यक छ र त्यसका लागि जिल्ला समन्वय समिति महासंघ ले नेतृत्वदायी भूमिका लिनसक्ने वातावरण वनाउन नीतिगत तथा कार्यगत प्रबन्ध हुनका लागि पनि यो कार्यशाला उपयुक्त अवसर हुनसक्छ । यसवाट दिगो विकास लक्ष्य प्राप्तिका प्रगतिको प्रतिवेदन आवधिक स्वैच्छिक प्रतिवेदन स्थानीयतहमा (VLR) र राष्ट्रियस्तरमा (VNR) पुनरावलोकन समिक्षागर्न पनि पृष्टपोषण हुन जानेछ ।

**महिला वालवालिका तथा जेष्ठनागरिक सम्बन्धि लैगिंक समानता र सामाजिक समावेशीकरणवारे जिल्लास्तरमा सचेतनामूलक गतिविधि** गरि समग्र जिल्लाका मौलिकता सहितको सामाजिक, सांस्कृतिक मूल्य, मान्यता र संम्पदाको संरक्षणमा योगदान दिनसक्ने विचारशिल समूह -तजष्लप त्वलप) निमार्ण र तथा परिचालनका लागि जिल्ला भित्रका गांऊ तथा नगरपालिकाहरुको साथ सहयोग र समन्वयको लागि जिल्ला समन्वय समितिमा संयन्त्र रहने प्रबन्ध र परिचालनका लागि क्षमता विकासका सम्बन्धमा नीतिगत प्रबन्ध गरि कार्यक्रम निर्माण, समाज विकास र सामाजिक परिर्वनका कार्यलाई संस्थागत गर्ने नेतृत्व जिल्ला समन्वय समितिले लिनसक्ने गरि संरचनागत तथा भौतिक क्षमता विकास गर्न आवश्यक देखिन्छ ।

**सबैको पहुंचमा गुणस्तरिय शिक्षा उपलब्ध गराउन** तथा भूगोल, जातजाती, बर्ग समुदायको हित र संलग्नताका कार्यका लागि जिल्ला समन्वय समितिहरुले संघ, प्रदेश र स्थानीय तहसंगको सहकार्यलाई साथ र सहयोग हुनेगरि नीति, विधि तथा कार्यक्रम निमार्ण र कार्यान्वयनको प्रबन्ध गर्नका लागि यो कार्यशालाले मार्गदर्शनगर्न सक्ने अपेक्षा गरिएको छ ।

राजनितिक शिक्षाको माध्यमवाट संघीयता अनुकुलको सामाजिक परिर्वतन र विकासलाई संस्थागतगर्ने नेतृत्वदायी भूमिका जिल्ला समन्वय समितिलाई दिन आवश्यक क्षमता विकास गर्न उपायको पहिचानका लागि यो कार्यशाला उपयुक्त विचार बहसको थलो हुने अपेक्षा गरिएको छ ।

संघीयता सहितको संविधान जारी भएपछिको स्थानीयतहको निर्वाचनमा राजनितिक दलहरुले सुझबुझ नपुऱ्याउंदा जिल्ला समन्वय समितिमा प्रतिनिधित्व गर्ने व्यक्ति पार्टीमा कुन हैसियतको हुनुपर्ने भन्ने पार्टीको संस्थागत निर्णय विना गरिएकाले जिल्लासमन्वयका प्रमुख लगायतका पदाधिकारी र सदस्यलाई स्थानीयतहका अरु पदमा निर्वाचित पदाधिकारी संगको मर्यादाक्रम र हैसियतको विषय सधै विवादास्पद भएर रहेको अवस्थामा दोश्रोपटकको निर्वाचन सम्पन्नभई सक्दा सम्म कुनै परिर्वतन पाईएको छैन ।

**जिल्ला समन्वय समिति महासंघले नेपालमा महिला अधिकार दिवस हरेक बर्ष जेष्ट १६ गते मनाउने निर्णयगर्न नेपाल सरकार महिला बालवालिका तथा जेष्ठनागरीक मन्त्रालयल संग सहकार्यगरेको थियो ।** नेतृत्वमा महिला पुग्न र अर्थपूर्ण सहभागिताका सम्बन्धमा महिला शसक्तिकरण, समानता र सामाजिक समावेशीकरणको मौलिकता निर्धारण मानकहरु बनेका छैनन् ।

महिला, बालवालिका सम्बनिध लैंगिक समानता र सामाजिक समावेशीकरण वारे नीतिगत प्रबनध गरि जिल्लास्तरका कार्यक्रम निर्माण, समाज विकास र सामाजिक परिर्वतन कार्यलाई संस्थागत गर्ने नेतृत्व जिल्ला समन्वय समितिहरुलाई दिन सकिने र निर्वाचित जनप्रतिनिधिले समाज विकास राष्ट्रिय सोच अनुकुल जनजागरण र चेतना बृद्धिका कार्य गर्न सक्ने हुनेछन् ।

# महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गतका सबालहरु केही चुनौति र केही संभावना

प्रस्तोता

**यमलाल भूसाल**

सह सचिव

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल

प्रस्तुतीकरण तालिका

- ऐतिहासिक पृष्ठभूमि एवं परिचय
- कार्य जिम्मेवारी
- संगठनात्मक ब्यवस्था
- प्रमुख चुनौतीहरु
- अबको आवश्यकता

ऐतिहासिक पृष्ठभूमि एवं परिचय

- आर्थिक वर्ष २०३९/४०ः ग्रामीण महिलाका लागि उत्पादन ऋण ब्यवस्था कार्यक्रम
- आर्थिक वर्ष २०३९/४०ः महिला विकास अभियान कार्यक्रम
- २०५२ ज्येष्ठ ६ गतेः महिला तथा समाज कल्याण मन्त्रालय
- २०५७ः महिला, बालबालिका तथा समाजकलयाण मन्त्रालय
- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ः महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

कार्य जिम्मेवारी

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ (१२ वटा कार्यहरु)

१) महिला हक एवं सशक्तीकरण सम्बन्धी नीति, कानून र मापदण्ड
२) अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री
३) महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण
४) ज्येष्ठ नागरिक, बालबालिका र अपांगता भएका ब्यक्ति सम्बन्धी
५) महिला सशक्तिकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन, अनुसन्धान
६) लैङ्गिक हिंसासम्बन्धी निरोधात्मक र पुनस्थापनासम्बन्धी नीति, कानून र मापदण्ड
७) बालबालिका, बालकल्याण, उद्धार, पुनस्थापना र वृद्धाश्रम सम्बन्धी नीति, कानून, र मापदण्ड
८) गैरसरकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन र अनुगमन
९) राष्ट्रिय महिला आयोग (संवैधानिक आयोग)
१०) समाज कल्याण परिषद्
११) मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धी, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय
१२) मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

- प्रमुख कार्यक्षेत्र
- संगठनात्मक ब्यवस्था (महाशाखाः ३ शाखाः १२)

संगठनात्मक ब्यवस्था

**समस्या चुनौती र ब्यवहारिक कठिनाईहरु (१)**

सम्पर्कः यस मन्त्रालय र प्रदेश तथा स्थानीय तहबीचको सम्पर्क माध्यम नहुनु ।

सेवा प्रवाहः

- मन्त्रालयबाट प्रवाह हुने सेवा सुविधाहरु पहिलेको भन्दा कमजोर भएको गुनासो सरोराकारवाला निकायहरुबाट नियमित रुपमा हुनु।

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिकरलैङ्गिक अल्पसंख्यक तथा ज्येष्ठ नागरिक सम्बन्धी स्थानीय मुद्दाहरु सम्बन्धी यथार्थ अवस्थाको पहिचानमा समस्या हुनु।

**समस्या चुनौती र व्यवहारिक कठिनाईहरु (२)**

- मन्त्रालयबाट प्रवाह भएको सशर्त अनुदानको कार्यान्वयन पक्ष कमजोर हुनु,
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिकरलैङ्गिक अल्पसंख्यक तथा ज्येष्ठ नागरिकका समस्याहरुको सुनुवाई गर्ने Dedicated संयन्त्रको अभाव हुनु।

अधिकार संरक्षणः

- महिला तथा बालबालिका कार्यालय केवल सेवा प्रदायक संस्थाको रुपमा मात्र स्थापित नभई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको अधिकार संरक्षण र अधिकार प्राप्तिका लागि अधिकारकमीको रुपमा काम गरेकोमा हाल सो अवस्थामा कमी भएको महसुस हुनु ।

**समस्या चुनौती र व्यवहारिक कठिनाईहरु (३)**

तथ्याङ्क संकलनः

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पपसंख्यक तथा ज्येष्ठ नागरिक सम्बन्धी प्रदेश र स्थानीय तहको तथ्यांक संकलन र प्रतिवेदनमा समस्या हुनु ।
- प्रतिवेदन प्रणाली कमजोर हुनु जसले गर्दा अन्तराष्ट्रिय स्तरमा गर्नु पर्ने प्रतिवेदन समेत प्रभावित हुनु ।

बिउँपूँजी संकलनः

- साबिक महिला विकास कार्यक्रममा आवद्ध महिला संस्था/समिति मार्फत चालु कोष/बिउँपूजी परिचालन भएको हुँदा हाल उक्त संस्था/समितिहरु कार्यालय खारेजी पश्चात जिल्लामा निस्कृय भएको कारणले बिउँपूजी संकलनमा समस्या हुनु ( लगानीमा रहेको रु ६ करोड ८७ लाख मध्ये बेरुजु कायम रु २ करोड ६६ लाख) ।

**समस्या चुनौती र व्यवहारिक कठिनाईहरु (४)**

कार्यक्रममा दोहोरोपनः

- संघ, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालित कार्यक्रम, विभिन्न दातृ निकाय, अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी निकायद्वारा सञ्चालित कार्यक्रममा दोहोरोपना भै समन्वयमा समस्या हुनु ।

स्थानीय तहमा बोधको कमिः

- उत्पीडित, दलित तथा अनेका प्रकारका विभेदको मारमा परेका विपन्न महिलाहरुको लागि लक्षित कार्यक्रम सञ्चालन गर्नु पर्छ भन्ने स्थानीय तहमा बोध हुन नसक्नु ।
- समुदायस्तरमा सञ्चालन भएका विगतका महिला सशक्तिकरण, महिलामाथि हुने हिंसा एवं अन्यायको प्रतिकार हुने कार्यक्रमहरु, उनीहरुको संरक्षण र न्यायमा पहुँच हुने कार्यक्रम, जोखिममा परेका बालबालिका किशोरीहरुको संरक्षण, सामुदायिक सेवा केन्द्रहरुको कार्यक्रम र महिला समिति एवं सहकारीहरुको सञ्चालनमा निरन्तरता हुन नसक्नु ।

**अबको आवश्यकता**

- प्रदेशका सामाजिक विकास मन्त्राल˜यको सामाजिक विकास महाशाखा प्रमुख हरुको Network स्थापना गर्ने।
- स्थानीय तहमा रहेका सामाजिक विकास शाखाका शाखा प्रमुखहरुको Network स्थापना गर्ने ।
- उहाँहरुले गरेका कार्य र अनुभवको आदान प्रदान गर्ने गराउने ।
- सफल पालिकाहरुका असल अभ्यासहरुलाई अन्य पालिकामा प्रयोग गर्ने ।
- बेला बेलामा उहाँहरुको बैठक आयोजना गर्ने ।
- उहाँहरुलाई नियमित रुपमा तालिम प्रदान गर्ने । शाखाको क्षमता अभिवृद्धि गर्ने गराउने ।
- उहाँहरुले गरेका कार्यहरुको तथ्यांक निर्माण गर्ने र प्रतिवेदन गर्ने गराउने ।
- संघ प्रदेश र स्थानीय तहबीच दोहोरो सञ्चार प्रणाली स्थापना गर्ने।

धन्यबाद

# नेपालमा दिगो विकास लक्ष्य

(कार्यान्वयनको अवस्था र चुनौती)

## प्रस्तुतिका विषय

- दिगो विकास लक्ष्यको अवधारणा
- लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचक
- कार्यान्वयन प्रयास
- संस्थागत व्यवस्था
- दिगो विकास लक्ष्य स्थानियकरणको महत्व
- मन्त्रालय/सरोकारवालाहरुको भूमिका
- चुनौती तथा समस्या

## दिगो विकास लक्ष्यको अवधारणा

- आर्थिक-सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा
- **MDGs** कार्यान्वयनको परिष्कृत निरन्तरता मात्र नभई असमानता र मानव अधिकार जस्ता जटिल मुद्दाहरू सम्बोधन गर्न खोजिएको
- "कोही पनि पछाडी नछुट्न **(LNOB)**" भन्ने मूल लक्ष्य लिइएको
- १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २३२ विश्वव्यापी सूचकहरु

## दिगो विकास लक्ष्यका पाँच स्तम्भः 5Ps

**१.पृथ्वी**
- प्राकृतिक स्रोत साधन र वातावरणको संरक्षण

**२.मानिस**
- गरिबी र भोकमरीको अन्त्य र मर्यादा एवं समानता

**३.समृद्धि**
- प्रकृतिसँग सामान्जस्यता सहितको समृद्ध र समुन्नत जीवन

**४.शान्ति**
- शान्तिपूर्ण, समन्यायिक र समावेशी समाजको निर्माण

**५.साझेदारी**
- दिगो विकास लक्ष्य कार्यान्वयनमा सशक्त विश्वव्यापी साझेदारी

## दिगो विकास लक्ष्यहरु

१. सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने

२. भोकमरी अन्त्य, खाद्यसुरक्षा तथा उन्नत पोषण र दिगो कृषि प्रवर्द्धन

३. स्वस्थ जीवन र सबै उमेर समूहका सबैको कल्याण प्रवर्द्धन

४. सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा र आजीवन सिकाई

५. लैङ्गिक समानता र सबै महिला तथा किशोरीको सशक्तीकरण

६. सबैका लागि खानेपानी तथा सरसफाईको उपलब्धता र दिगो व्यवस्थापन

## दिगो विकास लक्ष्यहरु (क्रमशः)

७. सबैका लागि धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच

८. सबैका लागि समावेशी र दिगो आर्थिक वृद्धि तथा उत्पादमूलक पूर्ण रोजगारी र मर्यादित काम

९. टिकाउ पूर्वाधार निर्माण, समावेशी तथा दिगो औद्योगिकीकरण र नवप्रवर्तनलाई प्रोत्साहन

१०. देशभित्रै र देशहरुबीचको असमानता न्यूनीकरण

११. नगरहरू र मानव बस्तीलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने

१२. दिगो उपभोग र उत्पादनको ढाँचाको सुनिश्चितता

## दिगो विकास लक्ष्यहरु (क्रमशः)

१३. जलवायु परिवर्तन र यसका प्रभावविरुद्ध लड्न तत्काल कार्य थाल्ने

१४. महासागर, समुद्र र सामुद्रीक स्रोत-साधनको संवर्द्धन, संरक्षण र दिगो प्रयोग


१५. दिगो पर्यावरणीय प्रणाली, वनको दिगो व्यवस्थापन, मरुभूमीकरण र भूक्षयीकरण रोकथाम तथा जैविक विविधता संरक्षण


१६. शान्तिपूर्ण तथा समावेशी समाजलाई बढावा, न्यायमा सबैको पहुँच र सबै तहमा प्रभावकारी, जिम्मेवार तथा समावेशी संस्था निर्माण


१७. दिगो विकासका लागि कार्यन्वयन प्रकृया मजबुत बनाउने र विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने


## लक्ष्य तथा सूचकहरु


- लक्ष्य: १७
- परिमाणात्मक लक्ष्य: १६९
- राष्ट्रिय सहित कुल सूचक: ४७९
- विश्वव्यापी सूचक: २३२



परिमार्जनपछि सूचकको अवस्था
विश्वव्यापी सूचक
• २३२
राष्ट्रिय सूचक
• २४७
कुल सूचक
• ४७९
घटाइएको
• १७
थपिएको
• ४
कुल कायम भएको
• ४६७
लक्ष्यतोकी रिपोर्टिङ गरिने
• ३०१



संविधानसँगको तादात्म्यता
मौलिक हक
राज्यका निर्देशक सिद्धान्त
राज्यका नीति
दिगो विकास लक्ष्य



कार्यान्वयनको प्रयास
(क) योजनावद्ध प्रयास
• चौधौं योजनाबाटै आन्तरिकीकरण गरीएको
• चालु पन्ध्रौं योजनाका दीर्घकालीन राष्ट्रिय लक्ष्यसँग पूर्ण तादात्म्यता कायम गरिएको
(ख) नीति, रणनीति तथा कार्ययोजना
• आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति २०१८
• प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) २०७८
• मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा अन्तरिकीकरण
• बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्य संकेत



कार्यान्वयनको प्रयास (क्रमशः)
(ख) नीति, रणनीति...(क्रमशः)
• दिगो विकास लक्ष्यमैत्री एकीकृत राष्ट्रिय मूल्यांकन कार्ययोजना (२०१६-२०२०)
• दिगो विकास लक्ष्यको अवस्था तथा मार्गचित्र (२०१६-२०३०)
• स्थानीयकरणका लागि स्रोत पुस्तिका २०७७
(ग) मूल्याङ्कन तथा प्रतिवेदन
• राष्ट्रिय प्रगती प्रतिवेदन २०२०
• Voluntary National Review (VNR) Report २०१७ & २०२०
• राष्ट्रिय तथ्यगत विवरण (NDP) मार्फत तथ्यांक संकलन गर्न प्रणाली विकास


संस्थागत व्यवस्था
संसदीय समिति
(दिगो विकास तथा सुशासन समित, राष्ट्रिय सभा)
राष्ट्रिय निर्देशक समिति
(प्रधानमन्त्रीज्यूको अध्यक्षतामा)
कार्यान्वयन तथा अनुगमन समिति
(योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा)
विषयगत समितिहरु
(आयोगमा सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको अध्यक्षतामा)
विषयक्षेत्रगत मन्त्रालय तथा निकायहरु
प्रदेश र स्थानीय तहका संयन्त्रहरु


लागत अनुमान (रु. अर्ब प्रति वर्ष)
कुल २०२५
सार्वजनिक क्षेत्र
१,१११ (५४.९%)
निजी क्षेत्र
७३९ (३६.५%)
घर परिवार
१३० (६.४%)
४५ (२.२%)
सहकारी तथा गैरसरकारी क्षेत्र
नपुग रकम
सरकारी
२१८
निजी क्षेत्र
३६६
जम्मा
५८४



दिगो विकासलक्ष्यको स्थानीयकरणका आधारहरू....
१. संवैधानिक व्यवस्था
स्थानीय सरकारको कार्य सूची
नगर प्रहरी
सहकारी संस्था
एफ.एम सञ्चालन
स्थानीय कर
स्थानीय सेवा
तथ्याङ्क, अभिलेख, बेरोजगार तथ्याङ्क
स्थानीय विकास
आधारभूत र माध्यमिक शिक्षा
बजार, वातावरण, जैविक
स्थानीय सडक,
गाउँ, नगर, जिल्ला सभा र न्यायिक समिति
स्थानीय अभिमलेख व्यवस्थापन
घरजग्गा धनी पुर्जा वितरण
कृषि तथा पशु सेवा
सामाजिक संरक्षण
स्वास्थ्य र सरसफाई
जलाधार, बन्यजन्तु, खानी संरक्षण
भाषा संस्कृति कला
विपद् व्यवस्थापन



दिगो विकास लक्ष्य स्थानीयकरणको महत्व
महत्वपूर्ण सार्वजनिक सेवाको जिम्मेवारी
स्थानीय तहका प्रमुख कार्यजिम्मेवारी
सेवा प्रवाह
विकास निर्माण
स्थानीय सुशासन


दिगो विकास लक्ष्य स्थानीयकरणको महत्व
२. स्रोत साधनः
राजश्व अधिकार र अनुदान
वित्तीय समानीकरण अनुदान
समपूरक अनुदान
सःशर्त अनुदान
राजश्व बाँडफाँट
वित्तीय हस्तान्तरण
विशेष अनुदान


विषयगत मन्त्रालय/सरोकारवालाको भूमिका
१. ऐन, नीति तथा योजना तर्जुमा र कार्यान्वयन
• मस्यौदामा SDGs को आन्तरिकीकरण
• अन्तरनिकाय राय तथा परामर्श र समन्वय
• SDGs सम्वद्ध विज्ञ तथा विकास साझेदार र गैर सरकारी क्षेत्रसँगको अन्तर्क्रिया एवं राय तथा परामर्श
२. बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन
• आयोजना तथा कार्यक्रमको SDGs सँगको सामञ्जस्यता
• आयोजना छनौटको मुख्य आधार SDGs मा योगदान
• बजेटको SDGs कोडिङ्
• स्रोत विनियोजनको प्राथमिकतामा SDGs
• वाह्य स्रोत परिचालनमा पहल
• नीजी क्षेत्रसँग साझेदारी
३. समीक्षा र प्रतिवेदन
• SDGs अनुरुपको अनुगमन तथा मूल्यांकन र प्रगति प्रतिवेदन प्रणाली
• SDGs अनुरुपकै M&E का सूचकहरुको व्यवस्था
• SDGs का सूचक अनुरुपकै प्रगति समीक्षाको ढाँचा र व्यवस्थापन सूचना प्रणाली
• सर्भेक्षण तथा अध्ययन


जिल्ला समन्वय समितिहरुको भूमिका
दिगो विकास लक्ष्य सम्वन्धमा क्षमता विकास
दिगो विकास लक्ष्य सम्वन्धमा सचेतना कार्यक्रम
कार्यान्वयनमा सहजिकरण
अनुगमन तथा मूल्यांकन
उच्चस्तरीय समितिहरुमा सहभागिता र पैरवी


कार्यान्वयनका चुनौती
स्रोत अभाव पूर्ति गर्नु: कोभिड १९ महामारी र रसिया-युक्रेन युद्धको प्रभाव समेतको सन्दर्भमा
तथ्यांक प्रणालीलाई सुदृढ गर्नु: संघ, प्रदेश र स्थानीय तीनै तहको तथ्यांक व्यवस्थापन प्रणाली
अन्तरिकीकरण र संस्थागतीकरण गर्नु: तीनै तहका नीति, योजना र कार्यक्रमहरुमा
स्थानीयकरण गर्नु: प्रदेश र स्थानीय तहको नीति, योजना र कार्यक्रममा आवद्ध गराउनु


कार्यान्वयनका चुनौती (क्रमश:)
क्षमता विकास गर्नु: तीनै तहका कार्यान्वयन निकाय र निजी, सहकारी, गैरसरकारी क्षेत्रको
राजनीतिक/प्रशासनिक स्वामित्व अभिवद्धि गर्नु: तीनै तहका जनप्रतिनिधि र राजनीतिक दलहरुको
साझेदारीलाई सुदृढ बनाउनु: निजी तथा गैर सरकारी क्षेत्र र अन्तर्राष्ट्रिय विकास साझेदारसँग
समन्वय प्रभावकारी बनाउनु: अन्तर-तह, अन्तर-निकाय, अन्तर-क्षेत्र र अन्तर्राष्ट्रिय समन्वय


धन्यवाद